का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ फागुन २०८०,
आइतबार
10 March 2024,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## साना दलहरुको छटपटी

राप्रपासहित साना दलहरु एमाले-माओवादीको समीकरणमा लाग्ने कि प्रतिप्रक्षमा बसेर कांग्रेसलाई साथ दिने भन्नेमा प्रष्ट छैनन् । उनीहरु अस्थिर राजनीतिले आफूहरुलाई समेत अस्थिर बनाउन खोजेको टिप्पणी गर्छन् ।






**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

तीन ठूला दलका बीचमा हुने सत्ता समीकरणको फेरबदलप्रति साना दलहरुले असन्तोष प्रकट गरेका छन् । ४ मंसिर २०७९ को चुनाव लगत्तै एमाले र माओवादी केन्द्रसहितको दश दलको समर्थनमा सरकार बनेको थियो । त्यसको दुई महिनामै माओवादी केन्द्रले एमालेको साथ छोडेर कांग्रेससँग गठबन्धन गऱ्यो । त्यसबेला आठ दलीय गठबन्धन बन्यो । फेरि गठबन्धन भत्किएर एमाले र माओवादी सहितको गठबन्धन बनेको छ ।

यसरी प्रमुख तीन दलले बारम्बार गठबन्धन बदल्दा साना दलहरु अलमलमा पर्ने गरेका छन् । पछिल्लो राजनीतिक घटनाक्रमपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहित साना दलहरु एमाले-माओवादीको समीकरणमा लाग्ने कि प्रतिप्रक्षमा बसेर कांग्रेसलाई साथ दिने भन्नेमा प्रष्ट छैनन् । उनीहरु अस्थिर राजनीतिले आफूहरुलाई समेत अस्थिर बनाउन खोजेको टिप्पणी गर्छन् ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारले राप्रपालाई प्रदेश सरकारमा सहभागी हुन आग्रह गरेको थियो । तर राप्रपाले संघीय सरकारसँग समेत संवाद भइराखेको भन्दै सुदूरपश्चिम प्रदेशमा सहभागिता जनाएन् । १० पुस २०७९ को गठबन्धनमा एमालेसँगै प्रचण्ड नेतृत्वको सरकारमा सहभागी संघमा यसपटक प्रतिपक्षी बेन्चमा बसिरहेको छ ।

जनता समाजवादी पार्टीले सुरुमै एमाले र माओवादीको समीकरणमा हस्ताक्षर गरेको थियो । तर सरकारमा सहभागी हुने वा नहुने विषयमा उक्त पार्टीमा विवाद भएको थियो । प्रचण्ड जता जान्छन्, उतै जाने भनेर उक्त पार्टीमा नेताहरुले नेतृत्वको आलोचना गरेका थिए । तथापि, जसपा सरकारमा सहभागी भएको छ ।

सरकारको विषयलाई लिएर नागरिक उन्मुक्ति पार्टीमा विवाद देखा परेको छ । शुक्रबार सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारमा नाउपाका प्रदेशसभा सदस्यहरू सहभागी भएका थिए । शनिबार नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले सुदूरपश्चिम प्रदेश सरकारमा सहभागी आफ्नो पार्टीका प्रदेशसभा सदस्यहरूलाई फिर्ता हुन निर्देशन दिएकी छन् ।

नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीका मन्त्री बर्खास्त गरेका मुख्यमन्त्री शाहले शुक्रबार राति मन्त्रिपरिषद विस्तार गरेका थिए । उनले मन्त्रिपरिषदमा नागरिक उन्मुक्तिका दुई मन्त्री र एक राज्यमन्त्री थपेका थिए । नाउपाबाट घनश्याम चौधरीलाई आर्थिक मामिला र खुसीराम चौधरी विनाविभागीय मन्त्री बनाइएको थियो । इन्दिरा गिरीलाई भने पृष्ठ २ मा




## उपनिर्वाचन इलाममा तरंग काठमाडौंमा

इलाम २ मा हुने उपनिर्वाचनका लागि चहलपहल सोही क्षेत्रका मतदातासामु हुनुपर्ने हो । तर नेताहरुको सार्वजनिक अभिव्यक्ति र दौडधुपले काठमाडौं तरंगित छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

इलाम २ मा आगामी वैशाख १५ गते उपनिर्वाचन हुँदैछ । नयाँ राजनीतिक समीकरण बनेको सन्दर्भमा उपनिर्वाचनले राजनीति थप गर्माएको छ । इलाम २ मा हुने उपनिर्वाचनका लागि चहलपहल सोही क्षेत्रका मतदातासामु हुनुपर्ने हो, भइराखेको पनि छ । तर नेताहरुको सार्वजनिक अभिव्यक्ति र दौडधुपले काठमाडौं तरंगित छ । विशेषगरी नेपाली कांग्रेस र नेकपा एमालेले इलाम २ लाई प्रतिष्ठाको विषय बनाए काठमाडौंमै रणनीति बनाइरहेका छन् । सोही अनुरुप आकांक्षीहरूको दौडधुप काठमाडौंमै बढेको छ ।

एमालेले चैत ५ सम्ममा उम्मेदवार सिफारिस गर्ने गरी तयारी थालेको छ । जिल्ला सचिवालयको बैठकले उम्मेदवारको नाम जिल्ला कमिटीमा पठाउन उपाध्यक्ष उदयबहादुर राईको संयोजकत्वमा सचिव उमेश गुरुङ, उपसचिव विष्णुमाया आचार्य र सदस्यद्वय मुखराज आङदेम्बे तथा दीपकिशोर लिङदम रहेको कार्यदल गठन गरिसकेको छ । कार्यदलले आउँदो चैत ३ गतेसम्ममा उम्मेदवारको सूची जिल्ला कमिटीमा पेस गर्ने छ । उम्मेदवार हुन इच्छुकले यही फागुन २७ सम्ममा आफ्नो व्यक्तिगत विवरणसहित कार्यदलमा इच्छा जाहेर गर्नुपर्नेछ ।

एमाले केन्द्रीय समितिले जिल्लामा पठाएको अन्तर पार्टी निर्देशन (अपानि)मा उम्मेदवारका लागि एक महिलासहित तीन जनाको नाम जिल्ला कमिटीले केन्द्रमा सिफारिस गर्ने उल्लेख छ । उपनिर्वाचनमा उम्मेदवार बन्ने व्यक्तिको मापदण्ड समेत एमालेले निर्धारण गरेको छ ।

एमालेबाट बुद्धिप्रसाद खनाल, रवीन्द्र सुवेदी, डा.देवी क्षेत्री दुलाल, दिवंगत नेता सुवासचन्द्र नेम्वाङका छोरा सुहाङले आफूलाई बलियो उम्मेदवारका रूपमा उभ्याएका छन् । नेपाली कांग्रेसबाट जिल्ला सभापति डम्बर खड्का २०७९ मा व्यहोरेको हारलाई जितमा परिणत गर्ने अभियानमा छन् । जिल्लामा कांग्रेसको संगठनभित्र बलियो पकड बनाएका भेषराज आचार्य यस पटक जसरी पनि टिकट लिने र कांग्रेसलाई विजयी गराउने अभियानमा रहेको दाबी गरिरहेका छन् । पूर्वराज्यमन्त्री केशव थापा र पूर्वसांसद नगेन्द्र कुमाल पनि कांग्रेसबाट टिकटको दौडमा छन् ।

वैकल्पिक दलका नेताहरु पनि चुनावी अभियानमा जुटिसकेका छन् । पहिचानवादीको तर्फबाट डकेन्द्रसिंह थेगिम उम्मेदवार बन्ने तयारीमा छन् । माओवादी केन्द्र परित्याग गरेका पत्रकार मिलन लिम्बु पनि उम्मेदवार बन्ने दौडमा छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पनि आन्तरिक पृष्ठ २ मा

### एक्ला एक्लै चुनाव लड्ने प्रस्ताव

रास्वपाले उपनिर्वाचनमा प्रतिस्पर्धा गर्ने प्रस्ताव राखेको छ । इलाम २ मा हुने उपनिर्वाचनमा सबै दलले एक्ला एक्लै चुनाव लड्नुपर्ने प्रस्ताव रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले राखेका हुन् । 'हामी सदनमा सहकार्य गरौं भन्न चाहन्छौं । निर्वाचनमा प्रतिस्पर्धा गरौं भन्न चाहन्छौं' यही फागुन २४ गते बसेको प्रतिनिधि सभाको बैठकमा भने ।

नेपालको संसदीय अभ्यासमा सदनमा सधैं प्रतिस्पर्धा गर्ने तर, निर्वाचनमा गएर सहकार्य गर्ने गरिएको उल्लेख गर्दै उनले यो अभ्यास छोड्नुपर्ने बताएका हुन् । 'निर्वाचनको सहकार्यले लोकतन्त्रलाई पनि कमजोर बनाइदिएको छ' उनी भन्छन्, ' इलाममा निर्वाचन हुँदै छ । त्यहाँ हामी प्रतिस्पर्धा गरौं । सहकार्य नगरौं ।' इलामको चुनावमा रास्वपाले एक्लै चुनाव लड्ने पनि उनले बताए ।

यता, जिल्ला निर्वाचन कार्यालय इलामले पनि उपनिर्वाचनको तयारीलाई तिब्रता दिएको छ । निर्वाचन कार्यालयले मतदाता नामावली रुजु गर्ने, निर्वाचनका लागि आवश्यक पर्ने सामग्री व्यवस्थापन गर्ने, मतदान स्थल र मतदान केन्द्रको अवस्था बुझ्नेजस्ता कामहरू सुरु गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचन आयोगको कार्यतालिकाअनुसार उपनिर्वाचनका लागिफागुन २४ देखि ३० गतेसम्म राजनीतिक दल दर्ताको सूचना प्रकाशन गरिनेछ । त्यस्तै चैत २२ गते अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ । सोही दिन मुख्य निर्वाचन अधिकृत नियुक्त गरी मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने जनाइएको छ ।

संविधानसभा अध्यक्ष तथा पूर्व सभामुख समेत रहेका एमाले उपाध्यक्ष सुवास नेम्बाङको गतभदौ २६ गते निधन भएको थियो । त्यसपछि रिक्त रहेको इलाम २ मा उपनिर्वाच हुन लागेको हो । गतवर्षको प्रतिनिधि सभा निर्वाचनमा गठबन्धनका तर्फबाट कांग्रेसका उम्मेदवार डम्बरबहादुर खड्का विरुद्ध एक सय १४ मतको झिनो अन्तरमा नेम्बाङ निर्वाचित भएका थिए ।

### वैदेशिक रोजगार विशेष

## मार्चभित्र कोटा टुंग्याउने मलेसिया सरकारको निर्णयप्रति रोजगारदाताहरु असन्तुष्ट

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

मार्च अन्तिमसम्म प्रयोग नगरिएका विदेशी कामदार कोटा रद्द गर्ने मलेसिया सरकारको निर्णयको त्यहाँको निजी क्षेत्रले आलोचना गर्दै निर्णयमा पुनःमूल्यांकनको माग गरेको छ । मलेसिया सरकारले छोटो सूचना दिएर यसै महिनाको अन्तिमसम्म अर्थात ३१ मार्चभित्र आफूले लिएको विदेशी कामदारको कोटा प्रयोग वा रद्द गर्नुपर्ने बाध्यकारी प्रावधान सार्वजनिक गरेको थियो ।

त्यसपछि नेशनल चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री एनसीसीआईएमलगायतका निजी क्षेत्रले सरकारले लिएको नीति अव्यवहारिक भएको बताएका छन् । एनसीसीआईएमका अध्यक्ष सो थियान लाइले विदेशी कामदार हरुको व्यवस्थापन र प्रवेशसम्बन्धी नियमहरु अद्यावधिक गर्ने अध्यागमन विभाग र गृह मन्त्रालयका परिपत्र अव्यवहारिक र चिन्ताजनक भएको बताए । परिपत्रमा विदेशी कामदार हरुका लागि अनुमति प्राप्त गरेका रोजगारदाताहरुले ३१ मार्चसम्ममा विदेशी कामदारहरु स्वदेश ल्याउनुपर्ने उल्लेख छ । एनसीसीआईएमले गृह मन्त्रालयको पछिल्लो निर्णय गत सेप्टेम्बरमा दिइएभन्दा विपरीत भएको र यसले मलेसियामा विदेशी लगानीलाई प्रतिकुल प्रभाव पार्ने बताएको छ ।

आकस्मिकरुपमा विदेशी कामदारको कोटा रद्द गर्ने उद्देश्यले आएको सरकारी निर्णयले विशेष गरी विदेशी श्रमिकमा धेरै निर्भर हुने उत्पादन, निर्माण, कृषि र वृक्षारोपण उद्योगहरु जस्ता क्षेत्रहरुमा ठूलो तनाव सिर्जना गरेको बताइएको छ । मलेसिया सरकारले आगामी वर्ष विदेशबाट ल्याउने कोटा सुनिश्चित गरेर विदेशी श्रमिकको एप्रुभलको दुविधालाई पनि हटाउनुपर्ने माग मलेसियाको निजी क्षेत्रको छ । मलेसियन उत्पादक पृष्ठ २ मा

### 'श्रम बजारमा साउदी महिलाको सहभागिता ३७ प्रतिशतभन्दा बढी'

**शहबाज खान/मध्यान्ह**
काठमाडौं, २६ फागुन

नेपालका लागि साउदी अरेबियाको राजदूत साद बिन नासेर अबु हैमदको संरक्षणमा राजदूतावासले अन्तर्राष्ट्रिय महिला दिवस मनाएको छ ।

महिला दिवसको अवसरमा महाराजगंजस्थित दूतावासको मुख्यालयमा एक समारोहबीच आयोजना गरी महिला दिवस मनाइएको हो । प्रत्येक वर्षको मार्च ८ मा अन्तर्राष्ट्रिय महिला दिवस मनाउने गरिन्छ । राजदूत अबु हैमदले दुई पवित्र मस्जिदका संरक्षक राजा सलमान बिन अब्दुल अजीज अलसऊद




र महामहिम युवराज र प्रधानमन्त्रीको नेतृत्वमा साउदी अरेबियाको राज्यले महिला सशक्तिकरणलाई समर्थन गर्ने कुरामा जोड दिए । उनीहरूलाई अभूतपूर्व छलाङ्ग मार्न सक्षम बनाएको बताए ।

विश्वभर ६ जना साउदी महिला राजदूत नियुक्त भएकाले पृष्ठ २ मा

### राष्ट्रिय सभा सदस्य निर्वाचन

## प्रतिस्पर्धामा कांग्रेस र माओवादी

कांग्रेसले राष्ट्रिय सभा अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेसँगै प्रतिस्पर्धामा कांग्रेस र माओवादी उम्मेदवार देखिने भएका हुन् ।




**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

नेपाली कांग्रेसले राष्ट्रिय सभाको अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको छ । योसँगै राष्ट्रिय सभाको अध्यक्षका लागि प्रतिस्पर्धामा कांग्रेस र माओवादी उम्मेदवार देखिने भएका छन् । सभापति शेरबहादुर देउवाको निवास बुढानिलकण्ठमा शनिबार बसेको पदाधिकारीको बैठकले राष्ट्रिय सभाको अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको हो ।

नेता अर्जुन नरसिंह केसीका अनुसार कांग्रेसले विपक्षमा रहेका अन्य दलसँग राष्ट्रिय सभाको अध्यक्षमा सहयोग खोज्न छलफल गर्ने निर्णय गरेको छ । राष्ट्रिय सभाका निवर्तमान अध्यक्ष गणेशप्रसाद तिमिल्सिना ६ वर्षे कार्यकाल सकेर बिदा भएपछि यो पद खाली छ । पृष्ठ २ मा

### माओवादीमा आकांक्षीले बढाए सक्रियता

माओवादी केन्द्रले राष्ट्रिय सभा अध्यक्ष पाउने सहमतिसँगै आकांक्षी सांसदहरुले सक्रियता बढाएका छन् । नेताहरुका अनुसार राष्ट्रियसभा उपाध्यक्ष उर्मिला अर्यालसँगै राष्ट्रियसभा सदस्यहरु झक्कुप्रसाद सुवेदी र नारायण दाहाल अध्यक्षका आकांक्षी हुन् ।

नेताहरुका अनुसार अर्याल सबभन्दा बलियो उम्मेदवार हुन् । १२ माघ २०७८ मा भएको राष्ट्रिय सभा सदस्यको निर्वाचनमा मधेश प्रदेशबाट निर्वाचित अर्याल २३ माघ २०७९ मा उपाध्यक्षमा सर्वसम्मत चयन भएकी थिइन् ।

अर्याल सर्वस्वीकार्य हुनसक्ने भएकाले उनलाई उम्मेदवार बनाउनुपर्ने मत माओवादीमा बलियो छ । उनलाई उम्मेदवार बनाउँदा विवाद नगर्ने भनेर नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले समेत वचन दिएका छन् । तर केहीले भने उनको कार्यकाल पृष्ठ २ मा

# सशस्त्र प्रहरीद्वारा लौकाहामा निःशुल्क स्वास्थ्य शिविर

**मनोज साह/मध्यान्ह**
रौतहट, २६ फागुन



नेपाल एपीएफ अस्पतालसँगको सहकार्यमा सशस्त्र प्रहरी परिवार महिला संघले रौतहटको परोहा नगरपालिकामा शनिबार एकदिने निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ । परोहा नगरपालिका वडा नं ४ लौकाहास्थित माध्यमिक विद्यालयमा भएको शिविरको उद्घाटन सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष सुनिता लामिछाने अर्यालले गरेकी हुन् ।

कार्यक्रममा बोल्दै उनले ग्रामिण भेगका विपन्न परिवारमा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या रहने गरेकाले यस शिविरको आयोजना गरीएको बताए । विशेषगरी महिला तथा वृद्धवृद्धामा जटिल प्रकारका स्वास्थ्य समस्या रहने भएकाले शिविर गरिएको उनको भनाइ छ । शिविरमा दक्ष चिकित्सकबाट निःशुल्क स्वास्थ्य परामर्श तथा औषधि वितरण भएको उनले जानकारी दिए ।

'सशस्त्र प्रहरी बल नेपालको सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम'अन्तर्गत नेपाल एपीएफ अस्पतालका विशेषज्ञ चिकित्सकहरुद्वारा निःशुल्क स्वास्थ्य परीक्षण भएको हो । सो निःशुल्क शिविरमा साधारण स्वास्थ्य परीक्षण, स्त्री तथा प्रसूति रोग, नाक कान घाँटी, दाँत, आँखा तथा अन्य रोगहरुको समेत परीक्षण गरिएको प्रस्तावित सीमा सुरक्षा गुल्म गौरका सशस्त्र प्रहरी नायव उपरीक्षक अमर लामाले बताए । उनका अनुसार आर्थिक अवस्था कमजोर भएकाहरुलाई लक्षित गरेर शिविरको आयोजना गरिएको हो । शिविरमा उल्लेखनीय मात्रामा स्थानीयले स्वास्थ्य परीक्षण गराएको उनले जानकारी दिए ।

गाउँमा निःशुल्क स्वास्थ्य शिविर हुँदा स्थानीय पनि हर्षित भएका छन् । परोहा नगरपालिका तथा प्रादेशिक अस्पताल गौरको सहकार्यमा शनिबार विहान ८ बजेदेखि भएको स्वास्थ्य शिविर दिउँसो ३ बजेसम्म सञ्चालन भएको थियो । परोहा नगरपालिकाका प्रमुख शेख वकीलको अध्यक्षतामा भएको स्वास्थ्य शिविरको उदघाटन सत्रमा प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, नेपाल प्रहरीका एसपी महेन्द्रकुमार श्रेष्ठ, नेपाली सेनाको कर्णेल गंगाबहादुर विष्ट, सशस्त्र प्रहरीका एसपी विक्रम हुमागाई, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभिनय सिंह, एपीएफ अस्पतालका चिकित्सकहरुसहित स्थानीय जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो । विसं २०५९ साल असार १७ गते स्थापना भएको सशस्त्र प्रहरी परिवार महिला संघ निःस्वार्थ सेवा भावकासाथ समाज सेवाको क्षेत्रमा निरन्तर क्रियाशील रहँदै आएको छ । सिमान्तकृत तथा पिछडिएका क्षेत्रका बालबालिकाहरुको निःशुल्क अध्ययन, जेहेन्दार छात्रछात्राहरुलाई छात्रवृत्ति प्रदान, विपद् प्रकोप पीडितहरुलाई राहत वितरण, देशका विभिन्न ठाउँहरुमा स्वास्थ्य शिविर सञ्चालन, राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीका श्रीमतीहरुलाई स्वरोजगार मूलक तालिम प्रदान, जनचेतनामुलक कार्यक्रम, रक्तदानलगायतका कार्यक्रम सशस्त्र प्रहरी परिवार महिला संघले गर्दै आएको छ ।

# जुम्लामा आर्थिक क्रान्ति गर्न विप्लवले रोपे स्याउ

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २६ फागुन



जुम्लामा आर्थिक क्रान्ति गर्न विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले स्याउ खेती शुरु गरेको छ । पार्टीका महासचिव नेत्र विक्रम चन्द विप्लवसहितका नेता तथा कार्यकर्ताले जुम्लामा कृषि क्रान्ति गर्न भन्दै स्याउ खेती शुरु गरेका हुन् ।

जुम्लाको हिमा गाउँपालिका ७ हाणुल्य भन्ने स्थानमा विप्लव आफैँ पुगेर स्याउ रोपेर स्याउ खेतीको उद्घाटन गरे । उनले स्याउ खेतीले जुम्लामा आर्थिक समृद्धि हुने निश्चित रहेको बताए । उनले भने,'पछिल्लो समयमा कृषि उत्पादन बढाउनका लागि नेपाल कम्युनिष्ट पार्टी खेती गर्न थालेको छ ।' उनले पार्टीको नवौ महाधिवेशनले उत्पादनलाई जोड दिने निर्णय लिए अनुसार जुम्लामा स्याउ खेती शुरु गरेको बताए ।

उनले स्याउबाट जुम्लालाई समृद्धि बनाउन खोजेको बताए । उत्पादनको क्रममा यस अघि मुगुमा ५ सय बिरुवा स्याउ रोपेको उनको भनाइ छ । १० हजार बिरुवा रोप्ने लक्ष्य जुम्लामा भएपनि अहिले सरकारी नीतिगत व्यवस्थाले त्यो लक्ष्यमा पुग्न नसकेको उनले बताए ।

'आर्थिक समृद्धि उत्पादनबाट मात्रै सम्भव छ । क्रान्ति उत्पादनबाट पनि हुने भएकाले अब फरक तरिकाले राजनीतिक दल जानुपर्ने आवश्यकता छ' उनले भने, 'राजनीति अर्थतन्त्रमा बदलिनुपर्ने भएकाले उत्पादन काम गरिएको हो । अब उत्पादन, क्रान्ति आर्थिक संघर्षमा बदलिनुपर्छ, सिद्धान्त व्यवहारमा बदलिनुपर्छ भन्ने हो, अब आत्म निर्भर भएर अगाडि बढ्नुपर्छ ।'

त्यस्तै महासचिव चन्दले भने, '३ वर्ष अब चन्दा नमाग्ने गरी हामी उत्पादन लाग्छौं । तर पार्टीलाई सहयोग त आवश्यक रहेको छ । ३ वर्षमा पार्टीलाई आत्मनिर्भर बनाउने लक्ष्य अनुसार काम भइरहेको छ । अब आर्थिक उत्पादनले हाम्रो पार्टी २ वर्षमा आत्मनिर्भर हुन्छौं ।' उनले कृषिपछि उद्योगमा पनि अगाडि बढ्ने प्राथमिकतामा रहेको बताए । त्यस कारणले यो अभियान चलाएको उनले बताए ।

नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय उत्पादन विभागले आयोजना गरेको स्याउ रोप्ने कार्यक्रममा उनले जुम्लाले स्याउबाट भविष्य खोजी रहेको हुँदा स्याउ र उत्पादनमा लाग्नेलाई सरकारले नीतिगत संरचना बदलेर सहयोग गुर्नेपर्ने बताए ।

१० हजार बिरुवा रोप्नका लागि सरकारलाई माग गरेपनि नीतिगत समस्याले बाधा भएकाले यतिबेला समस्या भएको उनले बताए । अहिले २ हजार बिरुवा स्थानीय सरकार र शुभचिन्तकहरुले सहयोग गर्ने पनि उनले बताए । त्यस्तै पार्टीका केन्द्रीय सदस्य विर्खबहादुर शाहीले जुम्लाको त्यस क्षेत्रमा २२ हजार वर्गमिटर जग्गामा स्याउ खेती गरिने बताए ।

उनले यो अभियानमा जुम्ला पुगेर स्याउ रोप्ने कार्यक्रममा सहभागी हुने महासचिव विप्लव, स्थायी कमिटी सदस्य रणविर, पोलिटब्यूरो सदस्य आर्दश, पोलिटब्यूरो सदस्य असल, केन्द्रीय कमिटी सदस्य, नेता कार्यकता, शुभचिन्तक, सञ्चारकर्मी, स्थानीय सरकार सबैलाई धन्यवाद व्यक्त गरे ।

त्यस्तै स्याउ उत्पादन कार्यक्रममा सिँजा गाउँपालिकाका अध्यक्ष पूर्ण प्रसाद धितालले जनतालाई उत्पादनमा लगाएर आर्थिक समृद्धि उत्पादन गर्ने कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय नेतृत्व लागेकोमा खुसी व्यक्त गरे ।

उनले यस्ता कार्यक्रममा स्थानीय सरकारले पनि बढाउनुपर्ने आवश्यकता छ । उनले स्याउ उत्पादन मात्र नभइ बजारीकरणको आधार र प्रशोधनका लागि आवश्यक रहेको बताए ।

नेपाल कम्युनिष्ट पार्टीले स्थानीय जनताको सहभागितामा फागुन २५ गते र २६ गते जुम्लामा स्याउ रोप्ने कार्यक्रम रहेको छ । सो कार्यक्रमका लागि महासचिव विप्लव बिहीबारदेखि स्याउका बिरुवा हिमा गाउँपालिकाको हाणुल्यमा रोपिरहेका छन् ।

२७ गते कालिकोटको फोइ महादेवको स्याउ रोप्ने र २८ गते नाग्म जुम्ला र कालिकोटको सीमा नाग्ममा वृहत्त जनसभा गर्ने नेपाल कम्युनिष्ट पार्टीका सेक्रेटरी सफल सिले बताए ।

त्यस्तै स्याउ रोप्ने अभियानका लागि हुम्ला, मुगु, कालिकोट, अछामसहित विभिन्न जिल्लाका नेताहरु जुम्ला पुगेका छन् । यो अभियानमा स्थानीय कृषक तथा विज्ञले पनि सहयोग गरेका छन् । चन्दननाथ नगरपालिका वडा नम्बर २ का हरि कामीले एकसय ५० विरुवा अभियानमा सहयोग गरेका छन् ।

# साँघुरो सडकमा तीव्र गतिले सवारी चलाउँदा जोखिम

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २६ फागुन

हिमाली जिल्ला हुम्लामा आन्तरिक सडक जोडिए लगत्तै सवारी साधनको कमी छैन् । भित्रिएका सवारी साधनको तीव्र गतिले दुर्घटना हुने सम्भावना बढी देखिएको छ । जिल्ला सदरमुकाम सिमकोट बजारको सडकमा तीव्र गतिले सवारी साधन चलाउने चालकको कमी छैन । जिल्लामा नेपाल ट्राफिक कार्यालय स्थापना भएपनि ट्राफिक प्रहरी देख्न मुस्किल पर्दछ ।

दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीको ठूलो भूमिका भएपनि ट्राफिक कता छन् ?, के गर्दै छन् ?, त्यो कसैलाई थाहा छैन् । सदरमुकाम बाहेक अन्य सडक कच्ची छ । त्यहि कच्ची सडकमा ट्याक्टर, बोलेरो जीपले ओभर लोड लिँदा दुर्घटना नहोला भन्न सकिँदैन । त्यस्तै बजारको साँघुरो सडकमा तीव्र गतिले सवारी साधन चलाउँदा ट्राफिकले हेरेर कारबाही गर्नु पर्ने हो ।

ट्राफिक प्रहरी नहुँदा सवारी साधन साँघुरो सडकमा मनपरी तीव्र गतिमा चलाउँदै आएका स्थानीय मुक्ति लामिछानेले बताए ।

बजारको सडक तलमाथि हिँड्दा बाटो काट्दा बालबालिका र वृद्धवृद्धालाई थाहा छैन् । तीव्र गतिमा चलाएको सवारी साधनले



मान्छेलाई दुर्घटना पार्ने सम्भावना देखिएको बजारमा व्यवसाय गर्दै आएका रामजन रावतले बताए । उनले भने 'बजारमा मात्र नभएर आन्तरिक सडक जोडिएका गाउँमा जाँदा पनि क्षमता भन्दा बढी लोड हाल्नु, सिटभन्दा बढी यात्रु बसाल्ने हुँदा सानो गल्तीले पनि दुर्घटना हुने देखिन्छ ।' ट्राफिकले भने कहिलै पनि यसको निगरानी गरेको देखिँदैन ।

आन्तरिक सडकमा ट्याक्टरले पनि यात्रु बोक्दै आएको छ । सदरमुकाम सिमकोटदेखि विभिन्न गाउँ जाने सडकमा बालुवा, गिट्टी, माटो, ढुंगा राखेर साँघुरो बनाएको हुँदा पनि दुर्घटना नहोला भन्न सकिँदैन । जिल्लामा २० भन्दा बढी बोलेरो जीप, १८ भन्दा बढी ट्याक्टर र २४ जति मोटरसाइकल रहेका छन् । सदरमुकाम सिमकोट अझैं राष्ट्रिय सडकमा जोडिएको छैन ।

# करेन्ट लागेर दुई जनाको मृत्यु

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २६ फागुन

कालीकोटको नरहरिनाथ गाउँपालिकामा करेन्ट लागेर दुई जनाको घटनास्थलमै मृत्यु भएको छ । नरहरिनाथ गाउँपालिका वडा ८ काल्धुङ्ग नजिकै करेन्ट लागेर मंगालासैनी माध्यामिक विद्यालयका शिक्षक ४३ वर्षीय केशवराज थापा र उनका भतिज २७ वर्षीय गंगा थापाको मृत्यु भएको हो । नरहरिनाथ गाउँपालिका-९ का वडा अध्यक्ष प्रदीप बोहोराका अनुसार सवस्टेशनवाट चाखा काल्धुङ्ग भन्ने स्थानमा सबलाइन विस्तार गर्न खोज्दा उनीहरुलाई करेन्ट लागेको हो । उनका अनुसार गाडेको विद्युतको पोल उखेलेर अर्को स्थानमा सार्न खोज्दा पोलको टुप्पोले मेन लाइनलाई छुँदा करेन्ट लागको हो ।



## साना...

राज्यमन्त्री बनाइएको थियो । उनीहरूले शुक्रबार राति सपथ लिएका थिए ।

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष श्रेष्ठले आफूसँग कुनै सरसल्लाह नै नगरी सरकारमा किन गएको भन्दै पार्टी अध्यक्ष चौधरीले संसदीय दलका नेता घनश्याम चौधरीलाई सरकार छोड्न निर्देशन दिएकी हुन् । उनीहरूले तत्काल सरकार नछोडे पार्टीले कारबाही गर्ने अध्यक्ष श्रेष्ठले बताएकी छन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी पनि अलमलमै रहेको छ । विगतमा प्रचण्ड नेतृत्वको सरकारमा सहभागी यी दुबै दल सत्ता समीकरण फेरिएपछि सरकारमा गएका छैनन् । उनीहरु यसपटक प्रचण्डले विश्वासको मत लिनेबेलासम्म पर्ख र हेरको अवस्थामा रहेका छन् । एकीकृत समाजवादीमा समेत सुरुमा सरकारमा जाने विषयमा विवाद भएको थियो । सत्ता सहकार्यमा रहेका दलहरुले समेत थाहै नपाउने गरी गटबन्धन फेरिने गरेको भन्दै एकीकृत समाजवादीका प्रमुख सचेतक मेटमणि चौधरीले असन्तुष्टि जनाएका थिए ।

## उपनिर्वाचन...

रूपमा उम्मेदवार खोजिरहेको छ । नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय उन्मुक्ति पार्टी (नाउपा) लगायतका दलहरु पनि आफ्नो उम्मेदवार उठाउने तयारीमा छन् ।

## मार्चभित्र...

महासंघ (एफएमएम)ले पनि विदेशी कामदार नीतिमा परिवर्तनलाई 'अचानक र हतार' भन्दै उक्त निर्णय परिवर्तनको माग गरेको छ । 'रोजगारदाताहरुले उनीहरुको परियोजना तालिकाअनुसार चरण-चरणमा विदेशी कामदार ल्याउन पाउनुपर्छ,' महासंघले भनेको छ ।

रोजगारदाताहरुलाई जारी गरिएको कलिङ भिसाहरु प्राप्त गर्न एक महिनाभन्दा कम समय दिनु भनेको लगभग असम्भव टाइमलाइन हुने भन्दै रोजगारदाताहरुले स्रोत मुलुकमा कामदारको अन्तर्वार्ता र छनोट, रोजगारदाताले कलिङ भिसाका लागि आवेदन दिनु अघि गरिने मेडिकल जाँचहरुका लागि समय नपुग्ने एफएमएमको भनाइ छ । एफएमएमका अध्यक्ष सोहले कोटा एप्रुभ भएका कामदार आगामी सेप्टेम्बर २०२४ सम्म ल्याउन पाउने गरी कम्तीम ६ महिना थप्न माग गरेका छन् । मलेसिया सरकारले १२औं योजनाअन्तर्गत सन् २०२५ सम्ममा विदेशी कामदारको लक्षित संख्या पुऱ्याउनेतर्फ सरकारको ध्यान केन्द्रित गर्दा उद्योगमा कामदारको आवश्यकतालाई ध्यान नदिएको पनि निजी क्षेत्रको भनाइ छ ।

## श्रम...

कूटनीतिक काम लगायत सबै क्षेत्रमा साउदी महिला प्रवेश गरेको राजदूत हैमदले बताए ।

साउदी अधिराज्यमा राज्यको शुरा काउन्सिलका २० प्रतिशत सदस्य साउदी महिला रहेको उल्लेख गर्दै राजदूत हैमदले राज्यमा साना तथा मझौला उद्योगको ४० प्रतिशत भन्दा बढी साउदी महिलाको स्वामित्व रहेको जिकिर गरे ।

यस्तै कार्यक्रममा साउदी राजदूत हैमदले श्रम बजारमा साउदी महिलाको सहभागिता ३७ प्रतिशतभन्दा बढी पुगेको जनाए । उनले ६३ हजार साउदी महिलाको सहभागितामा विगत ३ वर्षमा औद्योगिक क्षेत्रमा रोजगारीको प्रतिशत पनि बढेर ९३ प्रतिशत पुगेको दावी गरे ।

राजदूत हैमदले मुलुकी संहिता, श्रम तथा सामाजिक बिमा जस्ता केही कानून परिमार्जनले महिलालाई प्रभावकारी र समान रूपमा समाजमा सहभागी गराउन सक्षम भएको जानकारी दिँदै महिलाले विभिन्न क्षेत्रमा गरेको रचनात्मक योगदानका लागि र सफलता र विशिष्टताका साथ जिम्मेवारी वहन गर्ने क्षमता देखाएको भन्दै प्रशंसा समेत व्यक्त गरे । सो अवसरमा दूतावासका महिला कर्मचारीहरुलाई सम्मान समेत गरिएको दूतावासले जनाएको छ ।

## राष्ट्रियसभा...

तर, यस अगाडि नै एमाले र माओवादी सहितको गठबन्धनले माओवादीको तर्फबाट अध्यक्षमा उम्मेदवारी दिने सहमति गरिसकेको छ । हालै, कांग्रेससँग सत्ता समीकरण फेरेर माओवादी केन्द्रले एमाले सहितका दलहरुसँग नयाँ सत्तागठबन्धन बनाउँदा नयाँ समीकरणमा राष्ट्रिय सभाको अध्यक्ष माओवादी केन्द्रले पाउने सहमति भएको हो । सत्तारुढ एमाले, माओवादी, रास्वपा र जसपाबीच भएको सहमतिअनुसार अध्यक्षमा माओवादी केन्द्रको उम्मेदवारलाई समर्थन गर्ने सहमति बनेको छ । राष्ट्रिय सभाले स्वीकृत गरेको क्यालेन्डरअनुसार अध्यक्षको निर्वाचन २९ फागुनमा हुँदैछ । चारदलीय गठबन्धनमा भएको सहमतिअनुसार उपाध्यक्ष एमालेले पाउने सहमति छ । एमालेले उम्मेदवार चयन गरिसकेको छैन ।

## माओवादीमा...

चार वर्ष मात्र भएकाले झक्कुप्रसाद सुवेदीलाई विकल्पका रुपमा अघि सारेका छन् ।

सुवेदी ११ माघ २०७९ मा भएको राष्ट्रिय सभाको चुनावमा लुम्बिनी प्रदेशबाट निर्वाचित भएका थिए । २१ फागुनमा सपथ लिने उनको कार्यकाल ६ वर्ष हुनेछ । सुवेदी २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा काठमाडौं-२ मा तत्कालीन एमाले नेता माधवकुमार नेपाललाई पराजित गरेर चर्चामा आएका थिए । यसपटक उनी राष्ट्रिय सभामा आएका हुन् । सुवेदीलाई राष्ट्रियसभा अध्यक्ष बनाउन लविइङ गरेका नेताहरुले उर्मिला अर्याललाई मन्त्री बन्न प्रस्ताव राखेका छन् । माओवादीले अध्यक्ष लिँदा उपाध्यक्ष छाड्नुपर्छ । राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमा फरकरफरक दलको हुनुपर्छ । माओवादी नेताहरुका अनुसार राष्ट्रपतिबाट मनोनित राष्ट्रिय सभा सदस्य नारायण दाहाल पनि अध्यक्षका आकांक्षी छन् । २५ चैत २०७९ मा तत्कालीन राष्ट्रपतिबाट मनोनित सांसद दाहालले पनि सक्रियता बढाएका छन् । माओवादीमा नेता सुरेश आले मगरलाई राष्ट्रिय सभा अध्यक्ष बनाउनुपर्ने मत पनि छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०७/२३ मा दर्ता भएको **प्रा.लि.नं. २४६९०५/०७७/०७८** को **चिलम ट्रेडस् प्रा.लि.** को मिति २०८०/११/२५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१२/०५ मा दर्ता भएको **प्रा.लि.नं. ३०९२२२/०७९/०८०** को **माथा अर्गानिक न्युट्रिषन प्रा.लि.** को मिति २०८०/११/२५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/११/२७**

**सिंह बाहिनि रियलस्टेट एण्ड हाउजिङ्ग प्रा.लि.** को मिति २०८०/०६/०१ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिंह बाहिनि हार्डवेयर एण्ड रियलस्टेट प्रा.लि. (प्रा.लि. नं.: २५२९९२)** कायम गर्ने गरी मिति २०८०/०६/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री कर उठाउने सम्वन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/११/२७**

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को (६) र दफा ६४ को उपदफा १ (च) र बेलका नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको नाम | ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् परिमाण (घ.मी.) | | | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) (रू.) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा | गिट्टी | बालुवा | | | |
| १. | 03/BELAKA/REVENUE/NCB/GO/2080-081 | यशोदा खोला (वडा नं. ३ र ९) र मुर्ति खोला (वडा नं. ३ र ६) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ८४००.०० | ११७००.०० | २४००.०० | ५४७८१३२.०० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |
| २. | 05/BELAKA/REVENUE/NCB/GO/2080-081 | गदेरी खोला (वडा नं. ३ र ५), मैनी खोला (वडा नं. ५) र खरोरीया खोला (वडा नं. १) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ६०२०.०० | ८३१०.०० | ८०१०.०० | ५२७७१६१.२० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |
| ३. | 07/BELAKA/REVENUE/NCB/GO/2080-081 | पथ्रा खोला (वडा नं. २) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | | ५५७८.६५ | १३०१६.८५ | ४१३७७९६.२८ | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |

**शर्तहरुः**

१. तेस्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन (सार्वजनिक बिदा भए कार्यालय खुलेको दिन) १२.०० बजे सम्म उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa– Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।
२. सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहोवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
३. बोलपत्र फारामसाथ उल्लेखित जमानत/धरौटी रकम यस कार्यालयको कुमारी बैंक लि. बेलका शाखा स्थित Belaka Na. Pa– Dharauti Khata Ga–3 खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा बोलपत्र पेश गर्ने अन्तिम दिन देखि १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन । उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ ।
४. उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ ।
५. कार्यालयले तोकेको बाकी अन्य शर्तहरू तथा विस्तृत जानकारीका लागि बेलका नगरपालिका रामपुर, उदयपुरको वेबसाईट https://belakamun.gov.np/ मा हेर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# शितगंगाका खोलाहरुमा अनुगमन तीव्र

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ फागुन



अर्घाखाँचीको शितगंगा नगरपालिकाले नगरपालिकाभित्र रहेका खोलाहरुबाट नदीजन्य पदार्थ निकासीका लागि अनुगमनलाई तीव्र पारेको छ ।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जिवनारायण कोइरालाको नेतृत्वमा शुरु गरिएको अनुगमन समितिमा शितगंगा नगरपालिकाका प्रमुख छबिलाल पौडेल, अर्घाखाँचीका सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्य, शितगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्मा, डिभिजन वन अधिकृत ईश्वरी प्रसाद पौडेल, शितगंगा नगरपालिकाका योजना अधिकृत नुमलाल खनाल, राजस्व शाखा प्रमुख कमल पन्थी, वडा नम्बर ११ का अध्यक्ष नवराज भुसाल, वडा नं ८ का अध्यक्ष रुकेस आले, इन्जिनियर नारायण पाण्डेलगायतको टोली रहेको छ । अनुगमन टोलीले नगरपालिकाभित्र पर्ने विभिन्न खोलाहरुको स्थलगत अनुगम गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शर्माले बताए ।

नगरपालिकाले सूचना निकालेर वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न गरेका नगरभित्रका विभिन्न खोलाको अनुगमन सम्पन्न गरी अब सबै प्रकिया पूरा गरी कामलाई अगाडि बढाउन लागिएको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले जानकारी दिए । अनुगमनपछि प्रभावित क्षेत्रको असर नहुने चुरे क्षेत्रमा समेत प्रभाव नपर्ने गरी नदीजन्य पदार्थ निकासीका लागि नगरपालिकाले टेण्डर आह्वान गर्ने र राजस्वमा वृद्धि गर्ने योजना अन्तिम चरणमा पुगेको योजना अधिकृत खनालले बताए ।

शितगंगाको वन क्षेत्रमा पर्ने खोलाहरुको भने वन कार्यालयले नै नदी नियन्त्रण कार्यक्रमअनुसार ठेक्का लगाउने भएको डिभिजन वन अधिकृत ईश्वरी पौडेलले बताए । पौडेलले वनमा रहेका केही खोलाहरु वन संरक्षण नीतिअनुसार स्थानीय तहको अधिकारमा नपर्ने भएकाले प्रदेश ऐन नियमअनुसार डिभिजन वन कार्यालयले नै ठेक्का लगाउन शुरु गरेको बताए ।

स्थानिय तह सञ्चालन ऐन २०७४ र प्रदेश वन ऐनबीच केही कानून बाझिदा स्थानीय तहले राजस्व उठाउन नपाउने भएकाले वनले टेण्डर खुलाउनुपर्ने बाध्यता भएको वन अधिकृत पौडेल बताउँछन् । नगरपालिकाभित्र वातावरण प्रभाव मूल्यांकन भइसकेका वन क्षेत्रका खोलाले वन क्षेत्र नै कटान गर्ने समेत जोखिम रहेकाले केही खोलामा समस्या उत्पन्न भएको अधिकृत पौडेलको भनाइ छ ।

कपिलवस्तु जिल्लासँग सिमाना जोडिएका खोलाहरुमा कपिलवस्तुले मेसिन प्रयोग गरेर राजस्व संकलन निरन्तर गरिरहेको भएपनि ऐन कानून बाझिदा शितगंगाले वनको अवरोधका कारण करोडौंको राजस्व उठाउन नसकेकाले नियम कानूनका विषयमा प्रदेश सरकारसँग घनिभूत छलफल गर्ने तयारी रहेको नगरपालिकाका प्रमुख छबिलाल पौडेलले जानकारी दिए ।

डिभिजन वन कार्यालयले गत वर्ष केही खोलाको ठेक्का गरेको थियो । ठेक्का गरेर उठाएको मेटेरियल डम्पिङ गरेर राखेको भएपनि पटक-पटक ठेक्का आह्वान गर्दासमेत निकासी हुन नसक्दा निकै समस्या उत्पन्न भएको स्थानीय मानबहादुर सारुले बताए । राष्ट्रपति चुरे संरक्षण कार्यालयले समेत सम्पन्न गरेका नगरपालिकाभित्रका खोलाहरुको अनुगमन गरी सोहीअनुसार निकासी गर्न सहमति दिएको छ । जिल्ला स्तरीय अनुगमन टोलीले अनुगमनपछि ठेक्का प्रक्रियाका लागि अनुमति दिएको जिल्ला समन्वय प्रमुख जिवनारायण कोइरालाले जानकारी दिए ।

नेपालकै ठूलो नगरपालिका शितगंगा नगरपालिका स्थानीय आयस्रोतका हिसाबले पनि सुविधा सम्पन्न हुनुपर्ने नगरपालिका हो । तर यहाँ विभिन्न प्राविधिक समस्याले गर्दा राजस्व संकलन हुन नसकेको र विगतमा वन कार्यालयअन्तर्गत आउनुपर्ने राजस्व बाँडफाँटको समेत पैसा प्रदेश सरकारले उपलब्ध नगराउँदा अनुमानित बजेट घटेको र विकासका योजना पूरा हुन नसकेको नगरपालिकाकी उपप्रमुख गिता भाटले बताइन् ।


## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

General Manager : 1 (Male)
PRO : 2 (Male/Female)

Salary and commission will be negotiable

**Requirements:**
Minimum 4 to 5 Years experienced in manpower field.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at sunlight2007hrpltd@gmail.com*
Prority will be given for manpower Experienced.

**Central Capital Services Pvt.Ltd.**
Sinamangal, Kathmandu, Nepal.
Tel No: 01-4580892, 4579491.
Email:account@centralcapitalservices.com
Gov Lic.No: 574/062/063


**Karnali Province Government**
**Ministry of Physical Infrastructure & Urban Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
**Rukum West, Nepal**

## Letter of Intent (LOI)

Date of Publication : 2080/11/27 (10, March. 2024)

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidder that,we are going to award following contract as per published on Naya Patrika National Dainik published on 2080/10/12 to following bidders is hereby selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID No. | Project Name | Substantially responsive lowest evaluated bid | Bid Amount inc.Vat & PS (NRs) |
|---|---|---|---|---|
| 1. | IDO/RKM/ NCB/W/2080/081/32 | Construction of Khadi Patagau Jaligaar Ragda Road Aathbiskot 3 | M/S Salyani Nirman Sewa. | 27,83,007.22 |
| 2. | IDO/RKM/ NCB/W/2080/081/33 | Constructions of Patukhola Ghyaukhola Khaligaura Rupcha Dhalegare Ma. Vi. Ratamata Road | M/S Salyani Nirman Sewa. | 27,08,572.84 |

OFFice Chief

# Belauri Municipality
# Office of the Municipal Executive
**Belauri, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No.: BELMUN/NCB/W/80/81-12**
**Date of publication: 10-03-2024 10:00**

1. ***Belauri Municipality*** invites electronic bids from Nepalese eligible bidders for the ***Maintenance of blacktop road at Ward no. 1 and 2 under*** National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 2475162**. ***(Exclusive of VAT & Contingencies)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com,099-580215*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (Rs 3000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank Name of Office: ***Belauri Municipality***
   Office Code no. :801077604 Office Account no.: 4390100301010002
   Rajaswa (revenue) Shirshak no.: BELAURI NA.PA. (GA-1-1)
4. Electronic bids must be submitted through PPMO website on ***09-04-2024 13:00.*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***09-04-2024 14:00.*** at the office of ***Belauri Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Rs. 61,000** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer


## OMAN मा रोजगार
कम्पनी : Makkah Hypermarket
शहर : Sultanate

पुर्व स्वीकृत मितिः २०८०/११/२३ चलानी नं.: ६०२१६१०९ L.T. No.: 301098

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Household Utensils And Equipments Salesman | 15 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४४,७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Household Utensils Salesman | 15 | 0 | | 130 | ४४,७२२ | | | | | | | |
| 3. | Merchandise Orderly | 25 | 0 | | 130 | ४४,७२२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ४,५,६ गते (17,18,19 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचलमा सम्पर्क गर्नुहोला ।

**आवर डेस्टिनी इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
दोस्रो तल्ला, ई-ब्लक, काठमाडौं बिजनेस पार्क टेकु, काठमाडौं
श्रम इजाजत पत्र नं.: ७४२/०६४/०६५
फोन नं. ४१०४५९७, ४१०४५७४
Mobile No: 9813562117, 9803400311. Chitwan Branch Contact No: 9841082144
Jhapa Branch Contact No: 9852679813, 9820592218, 9804944227.

## ओमनमा रोजगार
कम्पनी : RAIAHIN AL MASK BUSINESSES LLC
शहर : Oman

पूर्व स्वीकृत मितिः २०८०/११/२४ चलानी नं.: ६०२१६१५३ LT. No.: 301124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician/General | 0 | 1 | स. काममा दक्ष | 170 | ५८,४०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ४ गते (17 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**रकि ईन्टरनेशनल प्रा. लि.**
श्रम ईजाजत न.५६४/०६२/०६३
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०१, ५२२४५०३

## यूएईमा रोजगारको अवसर
कम्पनी: CAPITAL FORCE SECURITY SERVICES
शहर: UAE, Dubai

पुर्व स्वीकृत मितिः २०८०/०६/१८ चलानी नं.: ६०२०८७३८ L.T. No.:293554 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ४३,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ४ गते (17 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 986-0365864 | 981-1540684
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

## UAE मा रोजगार
कम्पनी : AL FAJER FACILITIES MANAGEMENT L.L.C.
शहर: UAE, Dubai

पूर्व स्वीकृत मितिः २०८०/०७/१५ चलानी नं.: ६०२०९५५३ LT. No.: 294462 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 21 | स. काममा दक्ष | 800 | २८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।**
**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ४ गते (17 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Perfect Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. ५५३/०६७/०६८
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 014950764, 014987640 , Fax : Email: info.perfectrecruiting@gmail.com
www.perfectrecruiting.com.np.

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

सम्पादकीय

# रविले दिनुपर्ने जवाफ

१३ महिनापछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा फर्किएको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वकै सरकारबाट गत वर्ष २२ माघमा रास्वपा बाहिरिएको थियो । त्यसबेला रास्वपा सरकारबाट बाहिरिनुपर्ने सार्वजनिक कारण थिएन । स्वयं त्यही दलका सभापति रवि लामिछानेले मागेको मन्त्रालय नपाएपछि सरकार छोडेको थियो । नागरिकता मुद्दामा सर्वोच्च अदालतको फैसलाबाट लामिछानेलाई पार्टी सभापति, उपप्रधान एवं गृहमन्त्री र सांसद पदबाट मुक्त भएका थिए । पदमुक्त भएपछि रविलाई प्रधानमन्त्री प्रचण्डले फेरि सोही मन्त्रालय दिन मानेनन् । जवाफमा रविले आफ्ना दलका अरू मन्त्रीहरूलाई पनि फिर्ता बोलाए । श्रम मन्त्री डीपी अर्याल, शिक्षा मन्त्री शिशिर खनाल र स्वास्थ्य राज्यमन्त्रीबाट डा.तोसिमा कार्कीले राजीनामा बुझाए ।

सरकार बाहिर रास्वपाको एक वर्ष सामान्य गतिविधिमै बित्यो । रास्वपाले पार्टी संगठन निर्माण बाहेक केही दबावमुलक गतिविधि गर्‍यो । तर संसदीय भूमिकामा रास्वपाका केही सांसदहरू अब्बल देखिए । विशेषगरी सुमना श्रेष्ठ, विराजभक्त महर्जन लगायतको भूमिका प्रशंसनीय नै थियो । यिनै श्रेष्ठ र महर्जनलाई साथमा लिएर रवि फेरि सरकारमा गएका छन् । उपसभापति डीपी अर्याल र आफूले पुरानै मन्त्रालय लिएका छन् । श्रेष्ठलाई शिक्षा र महर्जनलाई युवा तथा खेलकुद मन्त्री बनाएका छन् । पार्टीभित्र उपसभापतिको हैसियत भएपनि अर्याललाई रविकै सहयोगीका रूपमा राजनीतिक वृत्तमा चिनिन्छन् । तर स्वयं रवि अनि सुमना श्रेष्ठ र विराजभभक्त महर्जनलाई विशेषगरी नयाँ पुस्ताले आशाका नजरले हेरेको देखिन्छ । युवा पुस्ताबाट उनीहरूलाई आशाले हेरिन स्वभाविक पनि हो ।

किनकि पार्टी गठनको सात महिनाभित्रै अप्रत्यासित मत पाएर रास्वपा राष्ट्रिय राजनीतिमा स्थापित हुनुमा पुराना दलहरूप्रति वितृष्णा जनाउने युवा पुस्ताकै साथ मुख्य कारण थियो । प्रवासमा रहेका युवा अनि देशभित्र शहरी जनसंख्याको आकर्षण रास्वपामा छ । अर्थात् रास्वपालाई राष्ट्रिय राजनीतिमा स्थापित गराउने पंक्ति युवा हुन् र उनीहरू तुलनात्मक अस्थीर हुन्छन् । तर रास्वपाले जसरी सरकार छोड्यो अनि फेरि प्रचण्डलाई नै समर्थन गरेको छ, यसले यो दलमा पनि चरम सत्ता मोह रहेको टिप्पणी भइरहेको छ । यस्तो टिप्पणीको जवाफ रास्वपाका मन्त्रीहरूले कामले दिनुपर्नेछ । किनकि मन्त्री पद बोलेर होइन, गरेर देखाउने ठाउँ हो । विशेषगरी रविले गृह मन्त्रालयमा जुन तहको हत्ते गरे, मुलुकमा सुशासन कायम गराउन त्यो भन्दा ठूलो चुनौती छ ।

**गोविन्द आचार्य** प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड”का प्रेस सल्लाहकार हुन् । पछिल्लो समय राजनीतिक समीकरण निर्माण भएसँगै राजनीतिक वृत्तमा देखिएका विविध टीकाटिप्पणीबारे उनीसँग संक्षिप्त कुराकानी गरिएको छ । प्रस्तुत छ, आचार्यसँग गरिएको कुराकानीको सम्पादित रूप :

# ‘राजनीतिक, वैचारिक मतभेदले कांग्रेससँग सहकार्य टुट्यो’



● गोविन्द आचार्य
प्रधानमन्त्रीका प्रेस सल्लाहकार

**कांग्रेससँगको सत्ता सहकार्यको गठबन्धन अकस्मात तोडेर नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहितको नयाँ गठबन्धन बनाउनुपर्ने आवश्यकता किन पर्‍यो ?**

कांग्रेससँगको सत्ता गठबन्धन रातारात टुटेको होइन । यसका पछाडि कांग्रेससँग केही राजनीतिक, वैचारिक, सैद्धान्तिक र व्यावहारिक मतभेदहरु रहेका छन् । मुख्यरूपमा राजनैतिक वैचारिक मतभेद उत्पन्न भएपछि अब कांग्रेससँग टाँसिएर रहनुहुँदैन भन्ने अवस्था सिर्जना हुन पुगेको हो । हो, कांग्रेससँग गठबन्धन टुट्नुका पछाडि केही व्यावहारिक जटिलता र कारण पनि छन् तर, ती मुख्य होइनन् । मुख्य कारण राजनीतिक कारण नै हो जसका कारण गठबन्धन टुट्न पुगेको हो ।

**के राजनीतिक कारण वा बाध्यता थिए, जसले प्रधानमन्त्रीले कांग्रेससँगको सत्ता सहकार्य तोड्नुपर्‍यो ?**

खासगरी यही फागुन ७ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा जारी कांग्रेसको नीति महाधिवेशनका रूपमा लिइने महासमिति बैठकमा प्रस्तुत भई सर्वसम्मतरूपमा पारित भएका दस्तावेजमा माओवादीसहितका दलसँग गठबन्धनको औचित्यमाथि प्रश्न उठाउँदै गठबन्धन नगर्ने सैद्धान्तिक निर्णय गरेपछि माओवादी कांग्रेससँगै टासिइरहनु राजनीतिकरूपमै गलत हुनजान्थ्यो । त्यसमाथि महासमितिमा उपप्रधानमन्त्रीसमेत रहनुभएका उपसभापति पूर्णबहादुर खड्काले प्रस्तुत गरी पारित भएको नीति प्रतिवेदनमा माओवादीलाई ‘दृश्य’ अदृश्य शक्तिकेन्द्रको आडमा २०४७ सालको संविधान र व्यवस्थाविरुद्ध लागेको अतिवादी शक्ति’ का रूपमा चित्रण गरिएको छ । अहिले सहकार्य भइरहेको दलमाथि यसखालको आक्षेप लगाउनु जरुरी नै थिएन । उक्त नीति प्रतिवेदनको पृष्ठ २० मा ‘माओवादीका कारण देश दलदलको भासमा पुगी पछाडि धकेलिएको’ भन्दै २०४७ सालको संविधान र तत्कालिन राजतन्त्रात्मक व्यवस्था नै ठीक रहेको आशय व्यक्त गरिएको छ ।

यसरी धेरै पुरानो भइसकेको विषय र प्रसङ्गलाई कांग्रेसले १२ बुँदे सहमति, शान्ति प्रक्रिया र संविधान निर्माणका क्रममा स्वीकार गरिसकेको छ र सशस्त्र सङ्घर्ष वा जनयुद्धकै कारण परिवर्तन सम्भव भएको कुरा संविधानमा लिपिबद्ध गरिसकिएको छ । त्यसलाई अहिले विद्धरूपीकरण गर्नुपर्ने आवश्यकता किन पर्‍यो ? कांग्रेसले पछिल्लो पटक राख्दै आएको धारणा विपरीत हुने गरी माओवादी जनयुद्धविरुद्धमा र २०४७ सालको संविधान नै ठीक भएको आशय आउने गरी किन नीति निर्माण गर्नुपर्‍यो ? साथै, कांग्रेसले गरेको निर्णयमा अमूर्त विषय राखेर संविधान संशोधन गर्ने भनेर किन भनियो तथा संविधानको धर्म निरपेक्षताको प्रावधान विपरीत हुने गरी हजारभन्दा बढी महासमिति सदस्यद्वारा हिन्दू धर्मका नाममा किन हस्ताक्षर गर्नु पर्‍यो ? यस्ता कैयौं गम्भीर नीतिगत प्रश्न पनि खडा भएका छन् । त्यसैले कांग्रेससँगको सत्ता गठबन्धन रातारात तोडिएको होइन र यसका पछाडि राजनीतिक र वैचारिक मतभेद नै मुख्य हो । यसमा कांग्रेस नै जिम्मेवार रहेको स्पष्ट हुन्छ ।

**यस्ता विषय त कांग्रेससँग आपसमा छलफल गरेर पनि टुंगो लगाउन सकिँदैनथ्यो र ?**

राजनीतिकरूपमा कांग्रेसले फरक लाइन पास गरेर माओवादीमाथि गम्भीर आरोपहरु थोपरिसकेपछि कांग्रेससँग नै टासिइरहनु पर्दथ्यो भनेर कसैले भन्छ भने त्यो माओवादीका लागि राजनीतिक वैचारिकरूपमै गलत हुन जान्थ्यो । यी प्रश्नहरुले माओवादी पार्टीका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्रीलाई उक्त पार्टीसँगको सहकार्यबारे गम्भीररूपमा सोच्नुपर्ने ठाउँमा पुर्‍यायो । जुन कुरा उहाँले कांग्रेस महासमिति बैठकका निर्णय सार्वजनिक गरिएको केही दिनपछि फागुन १७ गते चितवनमा सार्वजनिकरूपमै व्यक्त गर्नुभएको थियो । शान्तिसम्झौताको हस्ताक्षरकर्ता पार्टी कांग्रेसले शान्ति सम्झौताको मर्म र भावना विपरीत हुने गरी माओवादीमाथि आरोप लगाउने कार्यलाई बेमौसमी बाजा भन्दै प्रधानमन्त्रीले यसलाई सच्च्याउन कांग्रेससँग बिन्तीपत्र नहालिने स्पष्ट पार्नुभएको थियो । यसरी जुन दलले गठबन्धन आवश्यक नरहेको ठहर गर्‍यो माओवादीले त्यो दलसँग गठबन्धन गरिरहनु जरुरी र औचित्यपूर्ण पनि थिएन ।

कांग्रेस एउटा अलग्गै पार्टी भइसकेपछि उसले माओवादी जनयुद्धलगायत विषयमा आफ्नो स्वतन्त्र धारणा बनाउन सक्दैन र ?

राजनीतिकरूपमा अहिले माओवादी जुन ठाउँमा खडा छ, त्यसका आधार

*कांग्रेससँगको सत्ता गठबन्धन रातारात टुटेको होइन । यसका पछाडि कांग्रेससँग केही राजनीतिक, वैचारिक, सैद्धान्तिक र व्यावहारिक मतभेदहरू रहेका छन् । मुख्यरूपमा राजनैतिक वैचारिक मतभेद उत्पन्न भएपछि अब कांग्रेससँग टाँसिएर रहनुहुँदैन भन्ने अवस्था सिर्जना हुन पुगेको हो । हो, कांग्रेससँग गठबन्धन टुट्नुका पछाडि केही व्यावहारिक जटिलता र कारण पनि छन्, तर ती मुख्य होइनन् ।*

जनयुद्ध नै हो । अहिलेको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र पनि माओवादी जनयुद्धकै जगमा खडा भएको हो । कांग्रेसले माओवादी जनयुद्धलाई पूरै अवमूल्यन गरेर जनयुद्धकालमा सरकारमा बसेर माओवादीमाथि आतङ्ककारी घोषणा गरी दमन गरिरहेको अवस्थामा झैं चित्रण गर्नु र २०४७ सालको संविधानको बचाउ गर्नुले कांग्रेसले प्रतिगमन त रोजेन भन्ने आशङ्कालाई ठाउँ दिएको छ नि । यसमा कांग्रेसका विद्वान नेताहरुको किन ध्यान गएन ? माओवादी पार्टी, समग्र माओवादी आन्दोलन र त्यसको नेतृत्वमाथि कांग्रेसले आरोप लगाइरहँदा उसैसँग टासिइरहनु सम्भव नै थिएन । त्यसबेला माओवादीका सामु तीनवटा विकल्प थिए । पहिलो त कांग्रेसको समर्थनमा प्रधानमन्त्री पद सुरक्षित बनाउन कांग्रेसले जेजस्तो निर्णय गरे पनि प्रतिक्रियाविहीनरूपमा बसिरहनु, दोस्रो यसको विरोध गर्दै प्रधानमन्त्रीबाटै राजीनामा गरेर भाग्नु र तेस्रो कांग्रेसबाहेक अहिलेको संविधान र व्यवस्थाका पक्षमा रहेका अन्य दलको समर्थन प्राप्त गरेर अघि बढ्नु ।

प्रधानमन्त्रीज्यूले कांग्रेससँग झुकेर पदमा बसिरहने वा राजीनामा दिएर देश र जनताप्रतिको जिम्मेवारीबाट भाग्ने बाटो रोज्नुभएन । बरु उहाँले तत्काल पहलकदमी लिएर संविधान र व्यवस्थाका पक्षमा रहेका अन्य दलहरु, जसले उहाँलाई यो कार्यकालका लागि सुरुमा प्रधानमन्त्री बनाउन समर्थन गरेका थिए, ती दलसँग सहकार्यको हात बढाउनु भयो र उहाँहरुसहितको नयाँ गठबन्धन बनेसँगै मन्त्रिपरिषद् पुनर्गठन गरियो । यसरी प्रधानमन्त्रीको सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने आफ्नो अभियानलाई रोक्नुभएन र थप प्रभावकारीरूपमा अघि बढाउने सामूहिक प्रतिबद्धता गरियो । यसमा कांग्रेससँग प्रतिवेदन सच्च्याउनुस् भनेर निवेदन त हालिएन नि ? बरु कांग्रेसले आफ्नो कित्ता स्पष्ट गरिसकेपछि माओवादीले पनि स्वतन्त्र निर्णय गरेर आफ्नो कित्ता ‘क्लियर’ गर्‍यो ।

**नेपाली कांग्रेससँगको सहकार्यमा व्यावहारिक कठिनाइ पनि थिए कि ?**

हो, कांग्रेससँगको गठबन्धन टुट्नुका पछाडि केही व्यावहारिक कारणहरु पनि थिए तर ती निर्णायक कारण भने होइनन् । निर्णायक त मैले भनेझैं राजनीतिक वैचारिक कारण नै हो । कांग्रेससँग गठबन्धन गरेर जाँदा प्रधानमन्त्रीले सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्न अपेक्षाकृत साथ पाउनु भएन । भूटानी शरणार्थी प्रकरणमा प्रहरीले छानबिन अघि बढाएपछि प्रधानमन्त्रीमाथि भएको दबाब, घेराबन्दी र असहयोग सामान्य थिएन । त्यसबेला प्रधानमन्त्रीले बरु आफूले प्रधानमन्त्री पद छाड्ने तर सुशासनको यात्रा नरोक्ने सार्वजनिकरूपमै उद्घोष गर्नुभएकै हो । यसपछि पनि पाइला पाइलामा प्रधानमन्त्रीमाथि असहयोगका सयौं दृष्टान्त छन् । कार्यसम्पादन कमजोर भएका र विवादमा आएका मन्त्री परिवर्तन गर्न खोज्दा रोकियो । राज्यसत्ता सञ्चालनमा अनावश्यक हस्तक्षेप हुन थाल्यो । यी विषय कांग्रेस नेतृत्वलाई राम्रैसँग थाहा छ, जसका बारेमा एक-एक घटनामा तथ्यसहित बहस गर्न सकिन्छ ।

**कांग्रेससँग गठबन्धन गरेर माओवादीले मात्र फाइदा उठायो र अहिले थप केही नपाउने भएर गठबन्धन नै तोडियो भन्ने आरोप छ त ?**

यो गलत आरोप हो । बरु कांग्रेससँगको गठबन्धनबाट माओवादीलाई घाटा र कांग्रेसलाई नाफा मात्र भइरह्यो । सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचनमा कांग्रेस माओवादीसँग मिल्दा पहिलो दल बन्यो । यसअघि उसले पाएको सिटभन्दा झन्डै तेब्बर सिट बढायो । माओवादी भने पहिलेभन्दा खुम्चियो । प्रतिनिधिसभामा पहिलेको ५२ सिटबाट घटेर जम्मा ३२ सिट मात्र पायो । यसमा कांग्रेसको भोट माओवादीलाई गएन । चुनाव सम्पन्न भइसकेपछि पनि कांग्रेसले चुनावअघि माओवादीसँग भएको राजनीतिक सहमति तोडेर बेइमानी र धोका दिने काम गर्‍यो । पहिलो प्रधानमन्त्री प्रचण्डलाई दिने सहमतिबाट कांग्रेस पछि हटेकै कारण २०७९ पुस १० गते माओवादी अध्यक्ष प्रचण्ड, एमाले, रास्वपासहितका दलको समर्थनमा प्रधानमन्त्री बन्नुभएको हो । यसपछि प्रधानमन्त्री प्रचण्डकै प्रस्तावमा कांग्रेस उम्मेदवारलाई राष्ट्रपति बनाइयो । कोशीमा माओवादीलाई मुख्यमन्त्रीमा समर्थन गर्ने गठबन्धनको निर्णय विपरीत कांग्रेसले विपक्षी दलसँग तालमेल गरेर आफ्नै मुख्यमन्त्री बनायो ।

त्यसैगरी कोशीमा कांग्रेस उम्मेदवार जित्दा माओवादीवाट राष्ट्रियसभा सदस्य उम्मेदवार चम्पादेवी कार्कीलाई हराइयो । कांग्रेसबाट यति ठूलो अन्तर्घात हुँदा पनि कांग्रेसले जिम्मेवार नेता र सांसदलाई कारबाही त परैको कुरा स्पष्टीकरण लिनसम्म आवश्यक ठानेन । यी घटनाहरुलाई पनि प्रधानमन्त्रीले आपसमा बसेर छलफलबाट हल गर्न सकिन्छ भन्नुभयो । तर यही पृष्ठभूमिमा कांग्रेसले महासमिति बैठकबाट एक्कासी गठबन्धनको औचित्य समाप्त पार्दै माओवादीलाई अतिवादी शक्तिकारूपमा चित्रण गरेकाले ऊसँग सरकारमा सहकार्य अन्त्य हुन पुगेको हो । त्यसैले गठबन्धनबाट बढी फाइदा त कांग्रेसले नै लिएको थियो ।

**कांग्रेसले माओवादीबाटै गठबन्धन तोडेर धोका दिइएको र राजनीतिक बेइमानी भएको आरोप लगाएको छ त ?**

राजनीतिकरूपमा गठबन्धनको औचित्य छैन भन्ने कांग्रेस, अनि माओवादीलाई जनयुद्धकालमा कांग्रेसले भने जसरी हिंसावादी शक्ति भन्दै भए नभएका आरोप लगाउने पनि कांग्रेस । कोशीमा दुईपटक माओवादीलाई धोका दिने कांग्रेस अनि माओवादीले धोका दियो भन्न अप्ठेरो मान्नु पर्दैन । वास्तविक अर्थमा भन्ने हो भने राजनीतिक बेइमानी र धोका दिने काम कांग्रेसले गरेको हो, जसलाई घटनाक्रमले नै पुष्टि गर्दछन् । आफै पटक पटक माओवादीलाई धोका दिने, सरकार सञ्चालनमा पनि असहयोग गर्ने तथा राजनीतिक प्रतिवेदन नै पास गरेर माओवादीमाथि आरोप थोपर्ने कांग्रेसले अरूमाथि यस्ता आरोप लगाउँदा आत्मरति त होला तर वास्तविकतासँग भने मेल खाँदैन ।

**माओवादीले कांग्रेससँग गठबन्धन तोडेर एमालेसँग मिल्नुमा बाह्य शक्तिको हात छ भनिदैछ नि ?**


यसमा कुनै बाह्य शक्तिलाई दोष दिनु पर्दैन । हाम्रा नेपालका राजनीतिक दलका नेता बसेर नयाँ गठबन्धन बनाइएको हो । नयाँ गठबन्धन कुनै बाह्य देश वा शक्तिको पक्ष वा विपक्षमा बनेको होइन । यो नेपाल र नेपाली जनताको हितमा बनाइएको हो भन्ने कुरा प्रधानमन्त्रीज्यूले प्रस्ट पारिसक्नु भएको छ । प्रधानमन्त्रीले समयमै एमाले, रास्वपा, राजपा र एकीकृत समाजवादीसँगसहितका पार्टीसँग गठबन्धन नगरेको भए देश थप अस्थिरतामा जान्थ्यो । नेपालको आन्तरिक राजनीतिक मामिलामा बाहिरी शक्तिलाई जोड्नु आवश्यक छैन ।

**नयाँ गठबन्धन पनि केही समयमै भत्कने टिप्पणीप्रति तपाईंको प्रतिक्रिया के छ ?**

नयाँ गठबन्धनमा रहेका पाँच राजनीतिक दलका सिद्धान्त हेर्ने हो भने यो स्वाभाविक गठबन्धन हो जसले माओवादी अध्यक्ष प्रचण्डलाई तेस्रो कार्यकालका लागि प्रधानमन्त्री बनायो, तिनै शक्ति अहिले यो गठबन्धनमा छन् । खासगरी गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा (एमाले)का अध्यक्ष केपी ओलीसहितका नेताहरुले गठबन्धन बनाउन र यसलाई अघि बढाउन जसरी पहलकदमी लिइरहनु भएको छ, यसले गठबन्धन लामो समयसम्म जाने स्पष्ट पार्दछ । यो गठबन्धन कुर्सीका लागि मात्रै भन्दा देश र जनताका पक्षमा केही काम गर्ने उद्देश्यका साथ बनेको छ । त्यसैले गठबन्धनका बारेमा बाहिरी केही व्यक्तिले टिप्पणी गरेजस्तो अवस्था छैन । स्वार्थका आधारमा बनेका गठबन्धन हुन् भत्कने । यो गठबन्धन त निश्चित राजनीतिक वैचारिक धरातलमा खडा भएकाले आगामी निर्वाचनसम्म जान्छ, यसमा ढुक्क भए हुन्छ । यही गठबन्धनले नै २०८४ सालको निर्वाचन पनि गराउनेछ ।

# भ्रष्टाचार न्यूनीकरणको सवाल

विचार



● के.बी. बस्नेत

*भ्रष्टाचारको न्यूनीकरण आज आमजनताको चासोको विषय भएको छ । परन्तु, यहाँ भ्रष्टाचार विरोधको नारा भाषणमा सीमित छ । यसका लागि आजसम्म पनि उपयुक्त कार्यहरू गर्न सकेका छैनन् । भविष्यमा यस्तो हुन नदिन एकतर्फ भ्रष्टाचारका स्रोतहरू पहिचान गर्न आवश्यक छ भने अर्कोतर्फ नयाँ किसिमको अभियान सञ्चालन गर्न उत्तिकै जरूरी छ ।*

वर्तमान समयमा धेरैजसो देशहरूमा भ्रष्टाचार मौलाइरहेकोले प्रत्येक व्यक्तिको नैतिकतालाई स्खलित गर्दै सम्बन्धित देशका सरकार आफ्नो समाजका हरेक अंगलाई निकम्मा बनाउँदै छन् । त्यसैले, सम्पूर्ण मानवजाति नै संकटतर्फ उन्मुख भइरहेको छ । आज विश्व नै भ्रष्टाचारले आक्रान्त भएकोले सबैजसो देशहरूमा राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक आदि क्षेत्रहरूमा विकृति, बिसङ्गति र अराजकता जस्ता कुकृत्यहरू दिन प्रतिदिन तीव्ररुपले बढिरहेको छ । यी देशहरूमा निमुखाहरूले न्याय पाउन सकेका छैनन् भने असमानता र अशान्ति पनि कम छैनन् ।

आजकाल भ्रष्टाचारीहरूले अर्थोपार्जनका लागि आफ्नो देशको गोप्य सूचना अन्य देशहरूमा पठाउने र अराष्ट्रिय व्यक्तिहरूसँग सम्पर्क गरी राष्ट्रिय सुरक्षामा खतरा बढाई विश्वभरि नै बिखण्डनको वातावरण फैलाइरहेका छन् । तर, हालसम्म पनि यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान उपयुक्त किसिमबाट आकृष्ट हुनसकेको छैन ।

यथार्थतः कुनै पनि देशका भ्रष्टाचारीहरूमा राष्ट्रिय भावना हुँदैन । फलतः उनीहरू आफ्नो देशको हित विपरित सौदागर गर्न पनि हिचकिचाउँदैनन् । एकातर्फ उनीहरूले राष्ट्रिय हित विपरित, सन्धि सम्झौता गर्न सक्छन् भने अर्कातर्फ विदेशीहरूसँग मिलेमतो गरेर स्वदेशी आयोजना/परियोजना, उद्योग र विभिन्न व्यवसायहरू संकटमा पार्न सक्छन् ।

पछिल्लो समय नेपालमा भ्रष्टाचारका ठूला काण्डहरू चर्चामा आए । यस सन्दर्भमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ठूलो परिमाणमा सुन बरामद भएसँगै केही राजनीतिक नेताहरूको संलग्नता भए पनि उनीहरूको उपयुक्त किसिमबाट छानबिन हुन सकेन । यति मात्र नभई उक्त सुन काण्डमा सत्तारुढ दलका नेता तथा उनीहरूका नातादार संलग्न भए पनि उनीहरूलाई कार्बाहीको दायरामा ल्याउन सकिएको छैन । किनभने यहाँ कानुन सबैको लागि समान छैन ।

अघिल्लो वर्ष यहाँ ललिता निवास प्रकरण निकै नै चर्चामा आयो । यसमा पूर्व प्रधानमन्त्री संलग्ता द्वयको देखिए पनि उच्च ओहदाको कारण उनीहरूलाई कार्बाहीको दायरामा लाइएन वास्तवमा यो सरकारको कमजोरी हो ।

एकातिर दूरसञ्चार क्षेत्रमा एमडीएमएस र टेरामक्स प्रकरण ठूलो भ्रष्टाचारका सूचीमा परेका छन् भने अर्कातिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग दिनदिनै जसो सार्वजनिक पद धारण गर्ने व्यक्तिहरू घुससहित रंगेहात पक्रदै आएको छ । यस्ता भ्रष्टाचारका गतिविधिले अन्तर ाष्ट्रिय जगत्मा नेपालको छवि धमिलिएको छ । यद्यपि, वर्तमान सरकारले यहाँ विद्यमान भ्रष्टाचार न्यूनीकरणका लागि यथोचित कदम चाल्न नसकेको कुरा जगजाहेर छ ।

वर्तमान गठबन्धन सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको विषयलाई विशेष जोड दिए पनि नेपालभित्र अनियमितता रोकिएको छैन । भ्रष्टाचार न्यूनीकरणको सन्दर्भमा यहाँको वर्तमान अवस्था विगतको भन्दा खासै फरक देखिँदैन । केही दशकयता ट्रान्सपरेन्सी इन्टरनेशनलले विश्वव्यापी भ्रष्टाचारको सम्बन्धमा प्रत्येक वर्ष अध्ययन गरी प्रतिवेदन प्रचार प्रसार गर्ने गरेको छ । विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरमलगायत अन्य विभिन्न संघसंस्थाहरूको सहयोगमा ट्रान्सपरेन्सी इन्टरनेशनलले भ्रष्टाचार सूचकांक तयार गर्छ । जसले कुनै पनि देशको सार्वजनिक क्षेत्रमा सुशासनको अवस्था कस्तो छ र भ्रष्टाचार कत्तिको छ भन्ने तथ्य दर्शाउँछ । यसमा १३ प्रकारको सर्वेक्षण गरिन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलको सूचकांकमा १८० अंकले अति स्वच्छ र शून्य अंकले अति भ्रष्ट इंकित गर्छ । उक्त सूचकांकको नियमानुसार पचासभन्दा कम अंक प्राप्त गर्ने देशमा भ्रष्टाचार व्याप्त मानिने हुनाले हाल विश्वका दुईतिहाइ देशहरूमा भ्रष्टाचारले जरा गाडेको छ । यस सन्दर्भमा नेपाल पनि अछुतो रहन सकेको छैन । हालसालै ट्रान्सपरेन्सी इन्टरनेशनलले आफ्नो प्रतिवेदन सार्वजनिक गरेको छ । जसमा नेपालको भ्रष्टाचार न्यूनीकरणमा अघिल्लो वर्षको तुलनामा एक अंकले सुधार भए पनि समग्रमा भन्नुपर्दा यहाँ उस्तै अवस्था विद्यमान छ ।

वस्तुतः नेपालमा आजसम्म पनि कमजोर सुशासन छ । जसको फाइदा उठाउँदै उच्च पदमा आसिन व्यक्तिहरू नै भ्रष्टाचार गरी रातारात धन कमाउन डराउँदैनन् । यहाँको न्याय प्रणाली पनि कमजोर भएकोले उनीहरूमध्ये धेरैजसोले सफाई पाउँछन् । फलस्वरुप, उनीहरू भ्रष्टाचार गर्न हतोत्साही हुँदैनन् । ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा प्रकाशित प्रतिवेदनअनुसार सन् २०२१ मा नेपाल ३३ अंक प्राप्त गरी ११७औं स्थानमा रहेको थियो भने सन् २०२२ मा ३४ अंक प्राप्त गरी ११०औं स्थानमा रहेको थियो । हाल उक्त अन्तर्राष्ट्रिय संस्थाद्वारा प्रकाशित प्रतिवेदनअनुसार यो देशले ३५ अंक प्राप्त गरी १०८ औं स्थानमा रहेको छ । जसले यहाँ भ्रष्टाचार व्याक रहेको जनाउँछ ।

भ्रष्टाचारको न्यूनीकरण आज आमजनताको चासोको विषय भएको छ । परन्तु, यहाँ भ्रष्टाचार विरोधको नारा भाषणमा सीमित छ । यसका लागि आजसम्म पनि उपयुक्त कार्यहरू गर्न सकेका छैनन् । आज विश्वभर मौलाइरहेको भ्रष्टाचार सहजै न्यूनीकरण गर्ने अवस्था छैन । यसले कुनै पनि देशको कार्यपालिका, न्यायपालिका र चौथो अंगको रुपमा रहेको पत्रकार जगत्को बदनाम हुन सक्छ । भविष्यमा यस्तो हुन नदिन एकतर्फ भ्रष्टाचारका स्रोतहरू पहिचान गर्न आवश्यक छ भने अर्कोतर्फ नयाँ किसिमको अभियान सञ्चालन गर्न उत्तिकै जरुरी छ । यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुन जरुरी छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | धेरै लाभको कामना गर्नु हुँदैन । सकारात्मक सोच राख्नुपर्छ । |
| वृष | घरेलू जिम्मेवारीमा वृद्धि हुनेछ । यात्रा सफल हुने योग छ । |
| मिथुन | दैनिक जीवन सुखी रहनेछ । विरोधी सक्रिय रहनेछन् । |
| कर्कट | आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । यश बढ्ने योग छ । |
| सिंह | व्यापारिक पक्ष सुदृढ हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । |
| कन्या | अचल सम्पत्तिमा वृद्धिको योग छ । राजकीय कार्यहरूमा वृद्धि हुनेछ । |
| तुला | शैक्षिक कार्यमा प्रगति हुनेछ । श्रीमतीको राम्रो सहयोग पाइनेछ । |
| वृश्चिक | अनावश्यक शीर्षकमा खर्च हुनेछ । भोजनमा ध्यान दिनुपर्छ । |
| धनु | काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ । |
| मकर | आय वृद्धि हुने योग छ । राजनैतिक कार्यमा रुकावट आउनेछ । |
| कुम्भ | पारिवारिक जीवन सुखमय रहनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । |
| मीन | व्यर्थको यात्रा र परेशानी हुने योग छ । साहसीक कार्य सफल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# साइप्रस हुँदै गाजाका लागि सहायता पठाउने तयारी

- गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार कम्तीमा ३० हजार ८७८ व्यक्तिको मृत्यु भएको छ।
- सन् २००५ मा गाजाबाट पछि हटेको तर आफ्नो हवाई क्षेत्र र क्षेत्रीय जलक्षेत्रमा नियन्त्रण कायम राखेको इजरायलले योजनाबद्ध सामुद्रिक करिडोरको 'स्वागत' गरेको बताइएको छ।




काठमाडौं/एजेन्सी- अमेरिकी परोपकारी संस्था 'वर्ल्ड सेन्ट्रल किचेन'ले गाजाका लागि साइप्रसको बाटो सहायता पठाउन लागिएको शनिबार बताएको छ। गाजाबाट सबैभन्दा नजिकको युरापेली संघको सदस्य राष्ट्र साइप्रसको लार्नाका बन्दरगाहमा तीन साताअघि स्पेनको ध्वजाबाहक जहाज 'ओपन आर्म्स' डुबेको थियो।

'वर्ल्ड सेन्ट्रल किचेन'को टोली साइप्रसमा मानवीय सहायताका सामानहरू उत्तरी गाजातर्फ जाँदै गरेको डुंगामा लोड गरिरहेको छ,' संस्थाले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामी हाम्रो विश्वासिलो गैरसरकारी संस्था साझेदार ओपन आर्म्ससँग समुद्री सहायता करिडोर खोल्नका लागि हप्तौंदेखि तयारी गरिरहेका छौं। जसले हामीलाई यस क्षेत्रमा हाम्रो प्रयासलाई विस्तार गर्न अनुमति दिने विश्वास गरिएको छ।'

इजरायल-हमास युद्धको पाँच महिनाभन्दा बढी समय बितिसक्दा पनि गम्भीर मानवीय अवस्थाका कारण केही देशले खाद्यान्न र अन्य सहायता ढुवानी गर्न बाध्य भएको गाजाका जनताका लागि आवश्यक सामग्रीले भरिएको बार्ज निर्माण गर्ने योजना रहेको च्यारिटीले जनाएको छ।

'गाजामा मानवीय सामुद्रिक करिडोर स्थापना गर्ने प्रयासमा प्रगति भइरहेको छ, र हाम्रो सयौं टनले भरिएको जहाज प्यालेस्टिनी नागरिकका लागि खाना, पानी र महत्वपूर्ण आपूर्तिको क्षणको सूचनाका लागि पर्खिरहेको छ,' 'ओपन आर्म्स'ले सामाजिक सञ्जाल एक्समा भनेको छ।

युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनले आइतबार लार्नाबाट सामुद्रिक करिडोर खुल्ने आशा व्यक्त गरेकी छन्। उनले संयुक्त अरब इमिरेट्स (यूएई)को सहयोगमा शुक्रबार 'पाइलट अपरेसन' शुरु गरिने बताएकी छन्। यसले 'गाजाका जनताका लागि सामानको धेरै ढुवानीमध्ये पहिलो' ढुवानीलाई सुनिश्चत गरेको छ।

गाजामा कुनै पनि बन्दरगाहहरू सञ्चालनमा छैनन् र अधिकारीहरूले प्रारम्भिक ढुवानीहरू कहाँ जानेछन्, ती इजरायलद्वारा निरीक्षणको अधीनमा रहनेछन् वा कसले सहायता वितरण गर्नेछन् भन्ने बारे केही बताएनन्।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले गाजामा 'अस्थायी स्टेशन' स्थापना गर्ने अमेरिकी योजनामा ६० दिन लाग्ने र त्यसमा एक हजारभन्दा बढी अमेरिकी सैनिक संलग्न हुने जनाएको छ। हमासले अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमणबाट गाजा युद्ध शुरु भएको थियो। आक्रमणमा एक हजार १६० जनाको मृत्यु भएको थियो भने करिब २४० जनालाई आक्रमणपछि बन्धक बनाइएको इजरायली तथ्यांकले देखाउँछ।

आक्रमणको लगत्तै हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता व्यक्त गर्दै इजरायलले निरन्तर सैन्य आक्रमण गरेको छ। हमासको नियन्त्रणमा रहेको


## भूल सुधार

मिति २०८०/११/२५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेशियामा रोजगार शिर्षकको कम्पनी: Kaolin (Malaysia) Sdn. Bhd., L.T. No. 267018, चलानी नं.: **६०१८२९०६** र पूर्व स्वीकृत मिति: २०७९/०३/२४ गते भएको विज्ञापनमा अन्तर्वार्ता Peace Technical Training Center Pvt. Ltd, Gwarko, Lalitpur मा मिति २०८० चैत २ गते (15 March 2024) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

Maven Recruitment Services Pvt. Ltd.
**साविकको**: Baby Star International Pvt. Ltd.
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Fax: 4494173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np



## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

**प्रकाशित मिति : २०८०/११/२७**

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Air Cooler | | PALSONIC | PLC-35DLX | 35L | India | Pcs | 9100.00 | 9100.00 | |
| २. | Air Cooler | | PALSONIC | PLC-65DLX | 65L | India | Pcs | 14700.00 | 14700.00 | |

**ए.जी.आर इण्डस्ट्रीज प्रा.लि.**
**नयाँबाटो, ललितपुर**

**स्थायी लेखा नं ६०५९३३२७५**
**फोन नं. ९८०१८९९९९०**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८०/११/२७**

**काशी खाद्यान्न एण्ड कृषि उद्योग प्रा.लि.** को मिति २०८०/०७/११ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जय काशी खाद्यान्न एण्ड कृषि उद्योग प्रा.लि. (प्रा.लि. नं.: २६६४६८)** कायम गर्ने गरी मिति २०८०/०७/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८०/११/२७**

**सूर्य रोशनी इण्डष्ट्रियल प्रा.लि.** को मिति २०७७/०९/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सूर्य रोशनी कन्स्ट्रक्सन इण्डष्ट्रियल प्रा.लि. (प्रा.लि. नं.: ७३५९६)** कायम गर्ने गरी मिति २०७७/०९/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


**नेपाल सरकार**
**गृह मन्त्रालय**

## जिल्ला प्रशासन कार्यालय

**जाजरकोट**

**सूचना ! सूचना !! सूचना !!!**

**सूचना प्रकाशित मिति २०८०।११।२७**

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड नलगाड जलाशययुक्त जलविद्युत आयोजना (४१७ मे.वा.) बाट प्रवर्धन भैरहेको ताक्सुखोला जलविद्युत आयोजना (७.१ मे.वा.) बाट प्रभावित हाल नलगाड नगरपालिका वडा नं. १० र ११ अन्तर्गत अधिग्रहणमा पर्ने (साविक रग्दा गा.वि.स. वडा नं. ५ र ९) जग्गा र घरटहराहरुको मुआब्जा निर्धारण गर्न मिति २०८०।११।२४ मा जग्गा प्राप्ति ऐन २०३४ को दफा १३ (२) बमोजिम बसेको बैठकबाट निम्नानुसार निर्धारण भएकोले जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ (१) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छाउक्त मुआब्जाको रकमका सम्बन्धमा चित्त नबुझ्ने व्यक्तिले सोही दफा १८ (२) बमोजिम आफ्नो दाबीको आधारमा प्रमाण समेत राखी १५ दिनभित्र गृह मन्त्रालयमा उजुरी गर्न सक्नेछ। मुआब्जा बुझ्न आउँदा साथमा तपसिल उल्लेखित सक्कलै कागजात अनिवार्य रुपले ल्याउन हुन सबैमा जग्गा र घरटहरा मुआब्जा रकम निर्धारण समितिको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. जग्गा धनीको नागरिकताको प्रमाण-पत्र
२. कित्ता नं. खुल्ने जग्गाधनीको प्रमाण-पत्र
३. २०८०।०८१ सालको मालपोत तिरेको रसिद
४. सम्बन्धित वडाहरुको सिफारिस
५. हक प्रमाणित गर्ने आवश्यक प्रमाणहरु (आवश्यक भए मात्र)

**अधिग्रहण गर्नुपर्ने जग्गाको विवरण निम्नानुसार छन् :-**

| सि.नं. | जग्गा धनीको नाम थर | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | गा.वि.स. | वडा नं. | कित्ता नं. | श्रेस्ता अनुसार जग्गाको क्षेत्रफल | | | | जम्मा रोपनी | अधिग्रहणमा परेको जग्गाको क्षेत्रफल | | | | जम्मा रोपनी | निर्धारण रकम (प्रतिरोपनी) | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | रग्दा | आना | पैसा | दाम | | रोपनी | आना | पैसा | दाम | | | |
| १ | अशोक कुमार ध्यार | विर्खे | विरे | रग्दा | ५ | ४६५ | ० | ४ | २ | १ | ०.२९ | ० | ४ | २ | १ | ०.२९ | ४३४,००० | १२३,७५८ |
| २ | ऐभाने ध्यार | जैरुपे | जसुन्ते | रग्दा | ५ | ४८० | ० | ३ | १ | १ | ०.२१ | ० | ३ | १ | १ | ०.२१ | ४३४,००० | ८९,८५२ |
| ३ | कमल ध्यार | गोरे | रतन | रग्दा | ५ | ५३१ | ० | ६ | ० | २ | ०.३८ | ० | ६ | ० | २ | ०.३८ | ४३४,००० | १६६,१४१ |
| ४ | कर्ण सिंह | रदन | चंखु | रग्दा | ५ | ५१९ | ० | ५ | ३ | १ | ०.३६ | ० | ५ | ३ | १ | ०.३६ | ४३४,००० | १५७,६६४ |
| ५ | कर्ण सिंह | रदन | चंखु | रग्दा | ५ | ५२२ | ० | ३ | १ | ३ | ०.२१ | ० | ३ | १ | ३ | ०.२१ | ४३४,००० | ९३,२४२ |
| ६ | कर्मे ध्यार | मन्दिरे | अने | रग्दा | ५ | ५२४ | ० | ६ | ३ | ० | ०.४२ | ० | ६ | ३ | ० | ०.४२ | ४३४,००० | १८३,०९४ |
| ७ | कर्मे ध्यार | मन्दिरे | अने | रग्दा | ५ | ४६३ | ० | ७ | १ | २ | ०.४६ | ० | ७ | १ | २ | ०.४६ | ४३४,००० | २००,०४७ |
| ८ | कामीलाल ध्यार | मते | नाउले | रग्दा | ५ | ५१२ | ३ | १५ | २ | ० | ३.९७ | ३ | १५ | २ | ० | ३.९७ | ४३४,००० | १,७२२,४३८ |
| ९ | काली बहादुर वाँनिया | कलिमाने | धने | रग्दा | ५ | ४७८ | ० | ५ | २ | ० | ०.३४ | ० | ५ | २ | ० | ०.३४ | ४३४,००० | १४९,१८८ |
| १० | कुम्म बोहरा | हर्क | धनसिं | रग्दा | ५ | ४८५ | ० | १४ | ० | २ | ०.८८ | ० | १४ | ० | २ | ०.८८ | ४३४,००० | ३८३,१४१ |
| ११ | कुम्म बोहरा | हर्क | धनसिं | रग्दा | ५ | ५११ | २ | ० | ३ | २ | २.०५ | २ | ० | ३ | २ | २.०५ | ४३४,००० | ८९१,७३४ |
| १२ | खड्के रावल | परविरे | परिमले | रग्दा | ५ | ५२१ | १ | ३ | ३ | १ | १.२४ | १ | ३ | ३ | १ | १.२४ | ४३४,००० | ५३७,४१४ |
| १३ | खड्के रावल | परविरे | परिमले | रग्दा | ५ | ४८२ | ० | १० | ३ | २ | ०.६८ | ० | १० | ३ | २ | ०.६८ | ४३४,००० | २९४,९८४ |
| १४ | खर्के रावल | परविरे | परिमले | रग्दा | ५ | ५२६ | ० | ११ | ० | ० | ०.६९ | ० | ११ | ० | ० | ०.६९ | ४३४,००० | २९८,३७५ |
| १५ | गंगाराम ध्यार | विरे | विरजिते | रग्दा | ५ | ५२५ | ० | ३ | २ | २ | ०.२३ | ० | ३ | २ | २ | ०.२३ | ४३४,००० | ९८,३२८ |
| १६ | गोरे ध्यार | अर्जन | कर्णे | रग्दा | ५ | ४८१ | ० | १५ | २ | १ | ०.९७ | ० | १५ | २ | १ | ०.९७ | ४३४,००० | ४२२,१३३ |
| १७ | जयलाल वली | गोपे | ददे | रग्दा | ५ | ४७४ | ० | १४ | १ | ३ | ०.९० | ० | १४ | १ | ३ | ०.९० | ४३४,००० | ३९१,६१७ |
| १८ | डिल बहादुर बोहरा | ग्वामे | अर्जने | रग्दा | ५ | ४८३ | ० | ३ | ० | २ | ०.२० | ० | ३ | ० | २ | ०.२० | ४३४,००० | ८४,७६६ |
| १९ | दिप बहादुर रावल | जइमल | परिमले | रग्दा | ५ | ५१८ | १ | ८ | ३ | २ | १.५५ | १ | ८ | ३ | २ | १.५५ | ४३४,००० | ६७४,७३४ |
| २० | देउधन ध्यार | करविरे | जसुन्ते | रग्दा | ५ | ४७० | ० | ५ | २ | ० | ०.३४ | ० | ५ | २ | ० | ०.३४ | ४३४,००० | १४९,१८८ |
| २१ | धन बहादुर वाँनिया | | | रग्दा | ५ | ५३३ | ० | ६ | २ | २ | ०.४१ | ० | ६ | २ | २ | ०.४१ | ४३४,००० | १७९,७०३ |
| २२ | धन बहादुर बोहरा | ग्वामे | अर्जने | रग्दा | ५ | ४६९ | ० | २ | १ | २ | ०.१५ | ० | २ | १ | २ | ०.१५ | ४३४,००० | ६४,४२२ |
| २३ | धन बहादुर बोहरा | ग्वामे | अर्जने | रग्दा | ५ | ४८९ | ० | ४ | २ | १ | ०.२९ | ० | ४ | २ | १ | ०.२९ | ४३४,००० | १२३,७५८ |
| २४ | धनराज बोहरा | सतसे | बले | रग्दा | ५ | ५३० | ० | ५ | ० | १ | ०.३२ | ० | ५ | ० | १ | ०.३२ | ४३४,००० | १३७,३२० |
| २५ | धनराज बोहरा | सतसे | वले | रग्दा | ५ | ५०८ | १ | १२ | ३ | ३ | १.८१ | १ | १२ | ३ | ३ | १.८१ | ४३४,००० | ७८४,९३० |
| २६ | धनरुप ध्यार | नौले | लक्षे | रग्दा | ५ | ५३५ | १ | ० | ० | ३ | १.०१ | १ | ० | ० | ३ | १.०१ | ४३४,००० | ४३९,०८६ |
| २७ | धनरुप बोहरा | लट्टे | मन्दिरे | रग्दा | ५ | ५९१ | ० | १३ | ३ | १ | ०.८६ | ० | १३ | ३ | १ | ०.८६ | ४३४,००० | ३७४,६६४ |
| २८ | धनविर सिंह | भागिन्त | जर्तुसिं | रग्दा | ५ | ४९८ | ० | १० | १ | ० | ०.६४ | ० | १० | १ | ० | ०.६४ | ४३४,००० | २७८,०३१ |
| २९ | धनस ध्यार | परे | | रग्दा | ५ | ४९४ | ० | ३ | १ | १ | ०.२१ | ० | ३ | १ | १ | ०.२१ | ४३४,००० | ८९,८५२ |
| ३० | धिपे ध्यार | नाउले | दरवाने | रग्दा | ५ | ४८६ | ० | १४ | ३ | ३ | ०.९३ | ० | १४ | ३ | ३ | ०.९३ | ४३४,००० | ४०५,१८० |
| ३१ | नन्दलाल ध्यार | दोचे | | रग्दा | ५ | ४७६ | ० | ७ | २ | ३ | ०.४८ | ० | ७ | २ | ३ | ०.४८ | ४३४,००० | २०८,५२३ |
| ३२ | नर बहादुर ध्यार | अजे | दरे | रग्दा | ५ | ५१० | १ | १४ | ० | ३ | १.८९ | १ | १४ | ० | ३ | १.८९ | ४३४,००० | ८१८,८३६ |
| ३३ | नर बहादुर ध्यार | गोरे | रतन | रग्दा | ५ | ५०० | १ | ८ | २ | १ | १.५४ | १ | ८ | २ | १ | १.५४ | ४३४,००० | ६६६,२५८ |
| ३४ | नर बहादुर बोहरा | कर्णसिंगे | वले | रग्दा | ५ | ५३२ | १ | ३ | ० | ० | १.१९ | १ | ३ | ० | ० | १.१९ | ४३४,००० | ५१५,३७५ |
| ३५ | प्रदिप ध्यार | हरिभक्त | कर्णे | रग्दा | ५ | ४९६ | १ | ७ | १ | ० | १.४५ | १ | ७ | १ | ० | १.४५ | ४३४,००० | ६३०,६५६ |
| ३६ | बल बहादुर ध्यार | अजे | परे | रग्दा | ५ | ५१७ | १ | ६ | २ | २ | १.४१ | १ | ६ | २ | २ | १.४१ | ४३४,००० | ६१३,७०३ |
| ३७ | बाल कुमारी ओली | परशुराम | कर्ने | रग्दा | ५ | ५२८ | २ | ५ | १ | ३ | २.३४ | २ | ५ | १ | ३ | २.३४ | ४३४,००० | १,०१५,४९२ |
| ३८ | बाल कुमारी ओली | परशुराम | कर्ने | रग्दा | ५ | ५१६ | ० | १५ | १ | ३ | ०.९६ | ० | १५ | १ | ३ | ०.९६ | ४३४,००० | ४१८,७४२ |
| ३९ | बाल कुमारी ओली | परशुराम | कर्ने | रग्दा | ५ | ५२३ | ० | १० | २ | ३ | ०.६७ | ० | १० | २ | ३ | ०.६७ | ४३४,००० | २८९,८९८ |
| ४० | बाले ध्यार | मने | लाल | रग्दा | ५ | ५२७ | ० | ८ | ० | ३ | ०.५१ | ० | ८ | ० | ३ | ०.५१ | ४३४,००० | २२२,०८६ |
| ४१ | भद्र बहादुर बोहरा | बले | करविरे | रग्दा | ५ | ४९५ | १ | १२ | १ | ३ | १.७८ | १ | १२ | १ | ३ | १.७८ | ४३४,००० | ७७१,३६७ |
| ४२ | भद्र बहादुर बोहरा | बले | मन्दिरे | रग्दा | ५ | ४८८ | ० | ७ | ० | १ | ०.४४ | ० | ७ | ० | १ | ०.४४ | ४३४,००० | १९१,५७० |
| ४३ | भरुने ध्यार | रंगे | रतिमाने | रग्दा | ५ | ४९० | ० | ९ | ३ | ० | ०.६१ | ० | ९ | ३ | ० | ०.६१ | ४३४,००० | २६४,४६९ |
| ४४ | भिम बहादुर बोहरा | कर्णसिंगे | बल | रग्दा | ५ | ४९३ | ० | २ | ३ | १ | ०.१८ | ० | २ | ३ | १ | ०.१८ | ४३४,००० | ७६,२८९ |
| ४५ | मनमध्ये ध्यार | अजे | परे | रग्दा | ५ | ४६२ | २ | ८ | ३ | २ | २.५५ | २ | ८ | ३ | २ | २.५५ | ४३४,००० | १,१०८,७३४ |
| ४६ | मनसुर ध्यार | नौले | लक्षे | रग्दा | ५ | ४६४ | ० | ९ | १ | ३ | ०.५९ | ० | ९ | १ | ३ | ०.५९ | ४३४,००० | २५५,९९२ |
| ४७ | मने बोहरा | सुन्दरे | रने | रग्दा | ५ | ५९० | ० | १३ | २ | १ | ०.८५ | ० | १३ | २ | १ | ०.८५ | ४३४,००० | ३६७,८८३ |
| ४८ | मने बोहरा | नरेन्द्र | प्रदिप | रग्दा | ५ | ४७३ | ० | ३ | ० | ० | ०.१९ | ० | ३ | ० | ० | ०.१९ | ४३४,००० | ८१,३७५ |
| ४९ | मन्जिते बोहरा | गोपे | हरिवाने | रग्दा | ५ | ५१४ | १ | ० | ३ | १ | १.०५ | १ | ० | ३ | १ | १.०५ | ४३४,००० | ४५६,०३९ |
| ५० | मानसिं ध्यार | शिव | दरवाने | रग्दा | ५ | ४८७ | ० | १२ | ० | २ | ०.७६ | ० | १२ | ० | २ | ०.७६ | ४३४,००० | ३२८,८९१ |
| ५१ | रंगविर ध्यार | पर्मे | जसुन्ते | रग्दा | ५ | ४७५ | ० | ४ | २ | १ | ०.२९ | ० | ४ | २ | १ | ०.२९ | ४३४,००० | १२३,७५८ |
| ५२ | रणसिं बोहरा | लट्टे | मन्दिरे | रग्दा | ५ | ५३४ | ० | ६ | ० | २ | ०.३८ | ० | ६ | ० | २ | ०.३८ | ४३४,००० | १६६,१४१ |
| ५३ | रतन बहादुर ध्यार | शिउधन | दरवाने | रग्दा | ५ | ४९७ | ० | ११ | २ | २ | ०.७३ | ० | ११ | २ | २ | ०.७३ | ४३४,००० | ३१५,३२८ |
| ५४ | रुपा ध्यार | देउमाने | जसुन्ते | रग्दा | ५ | ४७९ | ० | ९ | ० | २ | ०.५७ | ० | ९ | ० | २ | ०.५७ | ४३४,००० | २४७,५१६ |
| ५५ | रुपा ध्यार | देउमाने | जसुन्ते | रग्दा | ५ | ४६१ | ३ | ० | १ | ३ | ३.०३ | ३ | ० | १ | ३ | ३.०३ | ४३४,००० | १,३१३,८६७ |
| ५६ | लक्षे ध्यार | विर्खे | जैरामे | रग्दा | ५ | ५१५ | ० | १० | ० | १ | ०.६३ | ० | १० | ० | १ | ०.६३ | ४३४,००० | २७२,९४५ |
| ५७ | लाल कु. ध्यार | गोरे | नरविर | रग्दा | ५ | ४६७ | ० | १० | २ | ३ | ०.६७ | ० | १० | २ | ३ | ०.६७ | ४३४,००० | २८९,८९८ |
| ५८ | विर बहादुर ध्यार | गोपे | विलभद्र | रग्दा | ५ | ५०७ | ० | १४ | ० | २ | ०.८८ | ० | १४ | ० | २ | ०.८८ | ४३४,००० | ३८३,१४१ |
| ५९ | विर बहादुर बोहरा | रतने | हस्ते | रग्दा | ५ | ५३६ | ० | ६ | १ | ३ | ०.४० | ० | ६ | १ | ३ | ०.४० | ४३४,००० | १७४,६१७ |
| ६० | विर बहादुर बोहरा | रतने | हस्ते | रग्दा | ५ | ४९२ | ० | २ | २ | ३ | ०.१७ | ० | २ | २ | ३ | ०.१७ | ४३४,००० | ७२,८९८ |
| ६१ | विरे ध्यार | विरजिते | कर्णे | रग्दा | ९ | ४२ | ७ | ८ | २ | २ | ७.५४ | ७ | ८ | २ | २ | ७.५४ | ४३४,००० | ३,२७१,९५३ |
| ६२ | विष्णु बहादुर ध्यार | गोपे | विलभद्र | रग्दा | ५ | ४६६ | ० | ५ | १ | २ | ०.३४ | ० | ५ | १ | २ | ०.३४ | ४३४,००० | १४५,७९७ |
| ६३ | विष्णु बहादुर ध्यार | गोपे | विलभद्र | रग्दा | ५ | ४७१ | ० | ७ | २ | ३ | ०.४८ | ० | ७ | २ | ३ | ०.४८ | ४३४,००० | २०८,५२३ |
| ६४ | विष्णु बहादुर ध्यार | गोपे | विलभद्र | रग्दा | ५ | ४८४ | ० | १३ | २ | ३ | ०.८६ | ० | १३ | २ | ३ | ०.८६ | ४३४,००० | ३७१,२७३ |
| ६५ | विष्णु बहादुर बोहरा | मने | गोपे | रग्दा | ५ | ५२० | ० | ६ | ३ | ३ | ०.४३ | ० | ६ | ३ | ३ | ०.४३ | ४३४,००० | १८८,१८० |
| ६६ | हरि बहादुर ध्यार | विरे | हरिमाने | रग्दा | ५ | ५२९ | ० | ८ | ० | ३ | ०.५१ | ० | ८ | ० | ३ | ०.५१ | ४३४,००० | २२२,०८६ |
| ६७ | हरि बहादुर ध्यार | विरे | हरिवाने | रग्दा | ५ | ४९१ | ० | ६ | ३ | ३ | ०.४३ | ० | ६ | ३ | ३ | ०.४३ | ४३४,००० | १८८,१८० |
| ६८ | हरि बहादुर ध्यार | विरे | हरिवाने | रग्दा | ५ | ४९९ | १ | ९ | ३ | ३ | १.६२ | १ | ९ | ३ | ३ | १.६२ | ४३४,००० | ७०३,५५५ |
| ६९ | हरि बहादुर ध्यार | विरे | हरिमाने | रग्दा | ५ | ५०१ | ० | ६ | ३ | ० | ०.४२ | ० | ६ | ३ | ० | ०.४२ | ४३४,००० | १८३,०९४ |
| ७० | हरि बहादुर ध्यार | विरे | हरिवाने | रग्दा | ५ | ५०२ | ० | ११ | ३ | ३ | ०.७५ | ० | ११ | ३ | ३ | ०.७५ | ४३४,००० | ३२३,८०५ |
| ७१ | हरि बहादुर ध्यार | विरे | हरिवाने | रग्दा | ५ | ५०४ | १ | १० | ३ | ० | १.६७ | १ | १० | ३ | ० | १.६७ | ४३४,००० | ७२५,५९४ |
| ७२ | हरि बहादुर ध्यार | विरे | हरिवाने | रग्दा | ५ | ५०५ | २ | ८ | ० | २ | २.५१ | २ | ८ | ० | २ | २.५१ | ४३४,००० | १,०८८,३९१ |
| ७३ | हर्के बोहरा | धनिसिंगे | | रग्दा | ५ | ५०६ | ० | १२ | ० | २ | ०.७६ | ० | १२ | ० | २ | ०.७६ | ४३४,००० | ३२८,८९१ |
| ७४ | हर्के रावत | खड्के | काँसे | रग्दा | ५ | ४६० | २ | ११ | ० | १ | २.६९ | २ | ११ | ० | १ | २.६९ | ४३४,००० | १,१६८,०७० |
| ७५ | हर्के रावत | खड्के | काँसे | रग्दा | ५ | ४६८ | ० | १२ | ० | २ | ०.७६ | ० | १२ | ० | २ | ०.७६ | ४३४,००० | ३२८,८९१ |
| | | | | | | | | | | | | | | | | | | ३२,०९७,३५२ |

**घरटहराको भुक्तानी पाउने रकमः**

| क्र.सं. | घर धनीको नाम | ठेगाना | मूल्याङ्कन रकम |
|---|---|---|---|
| १ | खड्के रावल | नलगाड न.पा. - १० | ८,७४,८५३ |
| २ | कर्मे ध्यार | नलगाड न.पा. - १० | ११,३६,५६९ |
| ३ | मनसुर ध्यार | नलगाड न.पा. - १० | १०,४७,३५२ |
| ४ | काली बहादुर बाँनीया | नलगाड न.पा. - १० | १२,६४,४९९ |
| ५ | लक्षे ध्यार | नलगाड न.पा. - १० | ३,४९,२७० |
| ६ | मान सिंह ध्यार | नलगाड न.पा. - १० | १६,७८,०७९ |
| ७ | दिप बहादुर रावल | नलगाड न.पा. - १० | ३,०२,७१० |
| ८ | धन बहादुर बाँनीया | नलगाड न.पा. - १० | १४,७८,०८६ |
| ९ | बल बहादुर ध्यार | नलगाड न.पा. - १० | १२,५३,६०१ |

# बक्स अफिस समाचार

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, २६ फागुन

## मोना कतारको सांस्कृतिक कार्यक्रम
# प्रकाश दूतराजको प्रस्तुतिमा झुमे दर्शक

सांगीतिक प्रस्तुतिका लागि पहिलो पटक कतार आइपुगेका सर्जक तथा लोक दोहोरी गायक प्रकाश दूतराजले धमाका मच्चाएका छन् । मोना कतार बहुउद्देश्यीय अक्षयकोषको श्रीवृद्धिका लागि मोना कतारले शुक्रबार आयोजना गरेको पाँचौं विविध सांस्कृतिक कार्यक्रममा उनले धमाका मच्चाएका हुन् । कार्यक्रमको उत्तरार्धमा स्टेज चढेका दूतराजले करिब सवा घण्टा लगातार प्रस्तुति दिए । आयोजक मोना कतार प्रति कृतज्ञता प्रकट गर्दै आफ्नो सांगीतिक प्रस्तुति राख्न शुरु गरेका उनले चोली मैलै भोबाट उपस्थितलाई नचाउन शुरु गरे । उनले क्रमशः बैनी झ्यालैमा, जाम भो माइली, मन भुल्छ, रिमै, जुन माया सहितका दर्जन गीत वान्स मोरसहित गाए । दर्शकले उनको प्रस्तुतिमा झुमेर मनोरञ्जन लिए भने कार्यक्रममा दूतराजले कतारमा रहेकी लोक तथा दोहोरी गायिका रेश्मी विश्वकर्मा सँग पञ्चेबाजामा लाइभ दोहोरीसमेत गाएर उपस्थितलाई मनोरञ्जन प्रदान गरे ।

पञ्चेबाजासहित समुद्घाटन गरिएको मोना कतारको २१औं वार्षिकोत्सव तथा विविध सांस्कृतिक कार्यक्रममा कतारमा रहेकी म्याग्देली चेली यमुना पटेलले थाली नाचमार्फत स्वागत नृत्य पेस गरिन् ।



